# नगर शिक्षा योजना

(२०८१/०८२-२०९०/०९१)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## रामेछाप नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### रामेछाप बजार, रामेछाप

### बागमती प्रदेश, नेपाल

मिति २०८२ श्रावण ....... गतेको कार्यपालिकाबाट स्वीकृत

## शुभकामना मन्तव्य

शिक्षाले जीवन निर्वाह गर्न सहयोग गर्न सक्नुपर्छ। आदर्श, नैतिकवान, चारित्रवान र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनुपर्छ। शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो। यसर्थ न्यूनतम् रुपमा आधारभूत तहको शिक्षा प्राप्त गर्नु मानव अधिकारको रुपमा लिइएको छ भने नेपालको संविधान २०७२ ले मौलिक हकको रुपमा व्यवस्था गरेको छ।समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी रामेछाप नगरपालिकाको शिक्षाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप जस्ता पक्षहरु यस शिक्षा योजनाले निर्धारण गरेकोमा मलाई खुशी लागेको छ। यस १० वर्षे दीर्घकालिन शिक्षा योजनाको कार्यान्वयनवाट शैक्षिक समस्याहरूलाई समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा लिएको छु। यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक पूर्वाधार विकास तथा सूचना प्रविधिको न्यूनतम सुविधा , अभिभावकहरुको सकरात्मक सहयोग तथा शिक्षकहरूको तालिम व्यवस्थापन, शिक्षकहरूमा उत्प्रेरणा र आत्मबल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा ब्यवस्थापनमा सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ वटा अधिकारको साथै सङ्घीय सरकारको शिक्षा क्षेत्रको ५ वर्षे योजना, शिक्षा नीति २०७६, आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। गुणस्तरीय विद्यालय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ। यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्न यस योजनाले सहयोग पुऱ्याउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजिवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ संस्थाका पदाधिकारीहरू,शिक्षा क्षेत्रमा रहेका विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरूको निरन्तर परिश्रम र लगनशीलताले महत्वपूर्ण भूमिका खेल्नेछ। हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु। अन्तमा यो १० वर्षे (२०८१/०८२-२०९०/०९१) दीर्घकालीन शिक्षा योजना तयार गर्नु आफैमा चुनौतिपूर्ण कार्य हो।स्रोत पहिचान एवम् व्यवस्थापनको काम समेत चुनौतिपूर्ण रहेको छ।योजना कार्यान्वयनमा सरोकारवालाको अपनत्व हुने अपेक्षा लिएको छु। अन्तमा यस दीर्घकालीन शिक्षा क्षेत्रको निर्माणमा अहोरात्र खटेर सहयोग पुर्याउनु हुने सवै प्रति हार्दिक आभार व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु।धन्यबाद।

२०८२ श्रावण

श्री लबश्री न्यौपाने
नगर प्रमुख
रामेछाप नगरपालिका

## शुभकामना मन्तव्य

बालबालिकामा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सिर्जना गर्न सक्नु हामी सबैको कर्तव्य हो। शिक्षाको विकास विना नगरपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन । मानवीय सर्वाङ्गिण विकासका लागि शिक्षा अपरिहार्य हो । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, कानूनको परिधी एवम् नगरपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरिएका नीति, कार्यक्रम तथा वजेटको प्रतिवद्धता समेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ। जनताको सबै भन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने कुराहरू लगायत आधारभूत आवश्यकताहरूको सम्बोधन गर्ने कर्तब्य स्थानीय तहको पनि हो । शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि ,पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्षरुपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । गुणस्तरीय जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चारित्रवान र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनुपर्छ। गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर, उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ संस्थाका पदाधिकारीहरू र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरूको अविछिन्न परिश्रम र लगनशीलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ। हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु र यस कार्यमा प्रतक्ष र परोक्ष रुपमा सहयोग गर्ने प्रति आभार व्यक्त गर्न चाहान्छु ।

अन्तमा यस १० वर्षे (२०८१/८२-२०९०/०९१) दीर्घकालिन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु। धन्यबाद ।

श्री बालकुमारी कार्की (थापा)

नगर उप-प्रमुख

रामेछाप नगरपालिका

## शुभकामना मन्तव्य

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभुत आवश्यकताका साथै मौलिकहकको रुपमा स्थापित हुन आउँछ । लोकतान्त्रिक मुल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका हुन आउँछ । व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सबैका लागि शिक्षा सहज एवम् पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक हुन आउँछ ।

शिक्षाले ब्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरूको छनोट र कार्यन्वयन गर्नु जरुरी हुन आउँछ । शिक्षाका राष्ट्रिय तहगत उद्देश्यहरू पूरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी पर्दछ ।

नगरपालिकाको शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि योयोजना आफैमा पथ प्रर्दशकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य उद्देश्य र कार्यक्रमहरू केहि बढी महत्वकांक्षी पनि हुन सक्छन भने कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन । यसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक बर्ष यसै योजनाका आधारमा बार्षिक कार्यक्रम कार्यान्वयन रणनीतिक योजना निर्माण गर्नु आवश्यक हुन्छ । तथापि रामेछाप नगरपालिकाले नगरक्षेत्र भित्रमा शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्यहरू हासिल हुने अपेक्षा लिइएको छ। त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो १० वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि, लगायत सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु ।

अन्तमा शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।धन्यबाद ।

श्री भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत
रामेछाप नगरपालिका

# विषयसूची


सन्दर्भ र औचित्य ........ ७

१.बिषय प्रबेश ........ ७

२ .शिक्षा योजना निर्माणको आवश्यकता ........ ७

३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ........ ८

४ .शिक्षा योजना निर्माणका आधार ........ ८

५ .शिक्षा योजना निर्माण प्रक्रिया ........ ९

६ .योजनाको लेखाजोखा ........ १०

७ .योजनाको दस्तावेजको स्वरूप ........ १२

परिच्छेद १ . परिचय ........ १३

१.१ पृष्ठभूमी ........ १३

१.१.१ भौगोलिक अवस्थिति ........ १३

१.१.२ जनसाङ्खिक संरचना ........ १४

१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ १५

१.१.४ आर्थिक अवस्था ........ १६

१.१.५ शैक्षिक अवस्था ........ १७

१.२ सवल पक्षहरु ........ १९

१.३ मुख्य समस्याहरु ........ २०

१.४ शिक्षा क्षेत्रका चुनौतीहरू ........ २१

१.५ अवसरहरू ........ २३

परिच्छेद २. दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ २४

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्नेआधार ........ २४

२.२ दीर्घकालीन राष्ट्रिय सोच ........ २४

२.३ रामेछाप नगरपालिकाको दीर्घकालिन सोच तथा गन्तब्य ........ २५

२.४ लक्ष्य ........ २५

२.५ उद्देश्य ........ २५

२.६ रणनीतिहरू .......... २६

२.७ कार्यनीति .......... २६

२.८ अपेक्षित नतिजा उपलब्धि .......... २९

२.९ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण .......... ३१

**परिच्छेद ३. विद्यालय शिक्षाका मुख्यउपक्षेत्रहरु .......... ३६**

३.१ प्रारम्भिक बालविकास र शिक्षा .......... ३६

३.२ आधारभुत शिक्षा .......... ४३

३.३ माध्यमिक शिक्षा .......... ५१

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम .......... ५९

३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ .......... ६४

**परिच्छेद ४. अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु .......... ६८**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन .......... ६८

४.२ शिक्षक व्यव्थापन र विकास .......... ७५

४.३ शैक्षिक समता तथा समावेशीकरण .......... ८२

४.४ विद्यालयपोषण तथास्वास्थ्य .......... ८९

४.५ विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता .......... ९३

४.६ विद्यालय भौतिक पूर्वाधार विकास .......... ९७

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि .......... १००

**परिच्छेद ५. सुशासन तथा व्यवस्थापन .......... १०५**

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास .......... १०५

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध .......... ११०

**परिच्छेद ६ .लगानी र स्रोत व्यवस्थापन .......... ११४**

**परिच्छेद ७. अनुगमन तथा मूल्याङ्कन .......... १२३**

**सन्दर्भ सामाग्रीहरु .......... १२८**

## सन्दर्भ र औचित्य

नेपालको संविधानले सङ्घीय गणतान्त्रिक लोकतान्त्रिक शासन व्यवस्थालाई अङ्गीकार गरी तीन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ । संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रमा परेको छ । यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन् । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भएअनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ । दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ।सङ्घीयता लागू हुनुपूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ आषाढमा समाप्त भई हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना तर्जुमाको कार्य अगाडि बढाएको छ । उक्त योजना स्वीकृतिको क्रममा रहेको छ । साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि मार्गनिर्देश गरेको छ । रामेछाप नगरपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी १० वर्षे योजना निर्माण गरिएको छ ।

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा यस रामेछाप नगरपालिकाले पनि हाल शिक्षा क्षेत्रमा देखिएको समस्याहरुको समाधान गर्नको लागि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नको लागि यो नगर शिक्षा योजना तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानूनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको

निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा नगरभित्र रहेका सवै विद्यालयहरुको उच्च शैक्षिक व्यवस्थापन गर्न रामेछाप नगरपालिकाले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी नगर शिक्षा योजना निर्माण गरिएको हो ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका वीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, पहिचान, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन,
- विद्यालय शिक्षामा देखिएका कमीकमजोरीहरुको अन्त्य गरी संबिधानले सुनिश्चितता गरेको हक अधिकार कार्यान्वयन गर्न,
- नगरभित्र रहेका सवै विद्यालयहरुको अवस्था पहिचान गरी सोहि अनुसारको योजना निर्माण र वजेट व्यवस्थापन गर्न

## ४ .शिक्षा योजना निर्माणका आधार

रामेछाप नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ र शिक्षाको सोचपत्र, २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना
११. राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
१२. सामुदायिक तथा संस्थागत विद्यालयहरुले निर्माण गरेका विद्यालय सुधार योजना
१३. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि
१४. रामेछाप नगरको वस्तुगत विवरण तथा आवधिक योजना २०७५

यो नगर शिक्षा योजना निर्माण गर्दा रामेछाप नगरपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबीचको अन्तर्सम्बन्ध कायम हुने गरी नगर शिक्षा योजना तर्जुमा भएको छ । माथि उल्लेखित योजनाका लागि रामेछाप नगरपालिका अन्तर्गतका विभिन्न विभाग/शाखाहरू र शिक्षासंग सरोकार राख्ने निकायहरुसँग पनि समन्वय गरिएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकाले स्थानीय आवश्यकता र प्राथमिकतामा बढी जानकार हुने गर्दछ। यसका साथै शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्य क्षेत्रमा पर्ने भएकाले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्राबधान अनुरूप

रामेछाप नगरपालिकाले योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ । नगर शिक्षा योजना निर्माणको सुरुवाती चरणमा नगर शिक्षा समितिमा छलफल भई नगर शिक्षा योजना निर्माण कार्यशालाको तयारी गरिएको थियो । योजना निर्माणका लागि तपसिलका सामग्री तथा श्रोतहरुको अध्ययन गरी समीक्षा गरिएको थियो ।

क) सामुदायिक तथा संस्थागत विद्यालयहरुको EMIS 2080/2081

ख) विद्यालय अनुगमण प्रतिवेदनहरु

ग) नगरपालिकाको बार्षिक बजेट

घ) शिक्षा सम्बन्धी ऐन नियम तथा कार्यविधिहरु

ङ) राष्ट्रिय शिक्षा नीति २०७६

च) सोह्रौं योजना

रामेछाप नगरपालिकाद्वारा शिक्षा योजना निर्माणमा सहभागितामूलक प्रक्रियानै अवलम्बन गरिएको छ । यो शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रमुख प्रक्रिया उल्लेख निम्नानुसार रहेका छन् ।

१. नगरकार्यपालिका स्तरीय स्थानीय तहको बैठक
२. योजना निर्माण समितिको गठन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
४. गाउँ/टोल तथा वडा स्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसंस्था,नगर वाल सञ्जालका प्रतिनिधी लगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घ संस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
५. योजनाको मस्यौदा तयारी
६. मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
७. योजनाको अन्तिमीकरण
८. बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
९. स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ६. योजनाको लेखाजोखा

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | ▪ शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेखि नै मूल नेतृत्वको संलग्नता रहेको छ।<br>▪ सामाजिक विकास समिति संयोजकत्वमा शिक्षा योजना निर्माण समिति बनेको। |

| | | |
|---|---|---|
| | | ▪ शिक्षा सरोकारवालाको संलग्नता सहितको योजना मस्यौदा कार्यदल गठन गरी पारदर्शी ढङ्गमा मस्यौदा तयार गरिएको छ।<br>▪ सूचना र सुझाव सङ्कलनका क्रममा सरोकारवालाको अर्थपूर्ण सक्रिय सहभागिता भएको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता | ▪ यस योजनामा उल्लेख गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू नगरपालिकाका शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू सम्बोधन गर्न पर्याप्त छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | ▪ यो योजनाले समता, सक्षमता तथा सिकाइ र गुणस्तरजस्ता सबालमा अपेक्षित नतिजा वृद्धि गर्दै शिक्षा क्षेत्रको समग्रतामा उन्नयनको पर्याप्त प्रयास गरेको छ । |
| ४ | अन्तर्सम्बन्ध र तादाम्यता | ▪ यो योजना नगरपालिकाका वार्षिक नीति कार्यक्रम लगायत अन्य योजनाहरूबीच अन्तर्सम्बन्धित छ ।<br>▪ शिक्षाका राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यहरूसँग अनुकूलन गरिएको छ ।<br>▪ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी अद्यावधिक मार्गनिर्देशन २०८१ मा आधारित यस योजनाले शिक्षाका उल्लेखित क्षेत्रहरू र अन्तरसम्बन्धित विषयबीच उपयुक्त तालमेल राखेको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ▪ योजनामा भएका विषयको शिक्षाका उपक्षेत्र, अन्तर्सम्बन्धित विषय साथै उपलब्ध स्रोत र अनुगमन मूल्याङ्कनसँग तादाम्यता कायम गरिएको छ ।<br>▪ स्थानीय आवस्यकता र भोगिरहेका प्रमुख चुनौतीलाई सम्बोधन गर्ने प्रयास योजनाले केही हदसम्म गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | ▪ योजनामा उल्लेख गरिएका क्रियाकलापका लागि आवस्यक बजेटको प्रस्ताव गरिएको छ ।<br>▪ नपुग बजेटका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर सहकार्य र समन्वयको अपेक्षा गरिएकोछ । |
| ७ | संस्थागत क्षमता | ▪ योजना साथै क्रियाकलापहरू कार्यान्वयनका लागि उपयुक्त संयन्त्र र आवस्यक क्षमता विकास कार्यक्रम राखिएका छन् । |
| ८ | कार्यान्वयनमा तत्परता | ▪ स्थानीय तहभित्रका सरोकारवालाको सहभागितामै योजना तयार भएको छ ।<br>▪ यो योजना स्वीकृतिपूर्व जिम्मेबार पक्षलाई प्रबोधीकरण र अभिमूखीकरण गरिएको छ।<br>▪ स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा योजनाकै आधारमा कार्यक्रम प्रस्ताव गर्नुपर्ने आवस्यकता |

| | | |
|---|---|---|
| | | रहेको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ▪ स्थानीय तहभित्रका शैक्षिक सूचकहरू र आवस्यक तथ्याङ्क राखिएका छन् । |
| १० | अनुगमन र प्रतिवेदन | ▪ सबै तहको आवधिक अनुगमन र मूल्याङ्कनका संयन्त्र तयार गरिएको छ । |

## ७. योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित नतिजा उपलब्धिहरू प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्। परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था समावेश गरिएको छ। परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली उल्लेख गरिएको छ।

# परिच्छेद १.परिचय

## १.१ पृष्ठभूमी

नेपालको वर्तमान संविधानले राज्यको पुर्नसरचना गरी सङ्घ, प्रदेश र स्थानीय तहमा शक्ति तथा काम, कर्तव्य र अधिकारहरु विन्यास गर्दै तीन तहका सरकारको निर्माण गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेकोछ। मुलुकमा केन्द्रीय सरकार एक वटा, सात वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार क्रियाशील रहेका छन् । ७५३ वटा स्थानीय सरकार मध्ये रामेछाप जिल्दामा रहेको ६ वटा गाँउपालिका र २ वटा नगरपालिका मध्ये रामेछाप नगरपालिका पनि एक हो ।

शिक्षा नीति २०७६, सङ्घीय सरकारको शिक्षा क्षेत्रको १० बर्षे योजना, दीगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई प्रदान गरेका २३ वटा अधिकार, सोह्रौं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारको नेतृत्व, सहयोग र समन्वय अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन, तथा दीर्घकालीन विकास योजना बनाई कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहन गरी नगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, नीति तथा रणनीति एवम् क्रियाकलाप यस योजनाले निर्धारण गरेको छ । शिक्षा क्षेत्रको स्थानीय तहको क्षेत्रगत योजना, स्थानीय तहका आवधिक विकास योजना, बार्षिक नीति कार्यक्रम, तथा बजेट तथा प्रदेश एवम् सङ्घीय आवधिक योजना तथा शिक्षा क्षेत्रका योजनाले लिएका लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति एवम् कार्यक्रमहरु एक अर्कामा अन्तर सम्बन्धित हुने गर्दछन् ।

### १.१.१ भौगोलिक अवस्थिति

राजनैतिक विभाजन अनुसार बागमती प्रदेश रामेछाप जिल्लाको दक्षिण पूर्वमा अबस्थित यस नगरपालिकाको पूर्व तर्फ ओखलढुङ्गा जिल्ला, दक्षिण तर्फ सिन्धुली जिल्ला छ भने उत्तर तर्फ रामेछाप जिल्लाकै लिखु तामाकोशी गाउँपालिका र पश्चिम तर्फ मन्थली नगरपालिका रहेको छ । रामेछाप जिल्लामा रहेका दुई नगरपालिका मध्ये रामेछाप नगरपालिका एक हो । यस नगरपालिका नेपाल सरकारद्वारा साविक गाविसहरु : रामेछाप, सुकाजोर र ओख्रेनी समावेश गरी वि.स. २०७२ मंसिर १६ गते घोषणा गरिएको थियो । नेपाल सरकारको मिति : २०७३/११/२६ को निर्णयबाट थप भएका गाविसहरु : गोठगाँउ, देउराली, साँघुटार, हिमगंगा र रामपुर सहित नगरपालिका पुनःगठन गरी हाल ९

वटा वडा संख्या रहेको छ । यस नगरपालिकाको क्षेत्रफल : २०२.४५ वर्ग किलोमिटर छ । २०७८ मा गरिएको राष्ट्रिय जनगणना अनुसार यहाँको कुल जनसंख्या : २४९७१ रहेको छ । यस नगरपालिकाको केन्द्र रामेछाप वडा नं ८ रामेछाप बजारमा रहेकोछ ।

### १.१.२ जनसाङ्खिक संरचना

जनगणना २०७८ अनुसार यस नगरपालिकाको कूल जनसख्या २४९७१ जना रहेकोमा महिला १३२१३ जना, पुरुष ११७५८ जना रहेको छ । जुन लैङ्गिक अनुपात ८८.९९% हो । २०७८ सालको जनगणना अनुसार ६६२७ घरधुरी संख्या रहेको छ भने औसत प्रतिघर परिवार संख्या ३.७७ जना रहेको छ ।यसै जनगणनाको आधारमा नगरपालिकको जन्मदर ऋणात्मक देखिएको छ ।

**रामेछाप नगरपालिकाको वडागत जनसंख्या विवरण**

| वार्ड नम्बर | घरधुरी संख्या | जनसंख्या विवरण | | | औशत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ६१४ | २७५४ | १३५२ | १४०२ | ४.४९ | ९६.४३ |
| २ | ७५५ | ३०१४ | १४२२ | १५९२ | ३.९९ | ८९.३२ |
| ३ | ५२३ | १९४३ | ९१६ | १०२७ | ३.७२ | ८९.१९ |
| ४ | ९०८ | ३३९९ | १५६४ | १८३५ | ३.७४ | ८५.२३ |
| ५ | ८९२ | ३१३५ | १४६५ | १६७० | ३.५१ | ८७.७२ |
| ६ | ७८६ | २८०१ | १३०४ | १४९७ | ३.५६ | ८७.११ |
| ७ | ८३२ | ३०९१ | १४५० | १६४१ | ३.७२ | ८८.३६ |
| ८ | ९६७ | ३५३८ | १६९० | १८४८ | ३.६६ | ९१.४५ |
| ९ | ३५० | १२९६ | ५९५ | ७०१ | ३.७० | ८४.८८ |
| जम्मा | ६६२७ | २४९७१ | ११७५८ | १३२१३ | ३.७७ | ८८.९९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**रामेछाप नगरपालिकाको उमेरगत जनसंख्या विवरण**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ० — ४ वर्ष | 1692 | 865 | 827 |
| ५ — ९ वर्ष | 1930 | 951 | 979 |
| १० — १४ वर्ष | 2490 | 1254 | 1236 |
| १५ — १९ वर्ष | 2506 | 1235 | 1271 |
| २० — २४ वर्ष | 1992 | 8६3 | 1129 |
| २५ — २९ वर्ष | 1701 | 793 | 908 |
| ३० — ३४ वर्ष | 1447 | 687 | 760 |

| | | | |
|---|---|---|---|
| ३५ — ३९ वर्ष | 1448 | 590 | 858 |
| ४० — ४४ वर्ष | 1426 | 633 | 793 |
| ४५ — ४९ वर्ष | 1316 | 612 | 704 |
| ५० — ५४ वर्ष | 1567 | 707 | 860 |
| ५५ — ५९ वर्ष | 1238 | 588 | 650 |
| ६० — ६४ वर्ष | 1201 | 591 | 610 |
| ६५ — ६९ वर्ष | 1003 | 488 | 515 |
| ७० — ७४ वर्ष | 842 | 372 | 470 |
| ७५ — ७९ वर्ष | 615 | 289 | 326 |
| ८० — ८४ वर्ष | 276 | 126 | 150 |
| ८५ — ८९ वर्ष | 195 | 84 | 111 |
| ९० — ९४ वर्ष | 57 | 18 | 39 |
| ९५.. वर्ष | 29 | 12 | 17 |

| रामेछाप नगरपालिकाको विद्यालय उमेर समूहको जनसंख्या विवरण | | | |
|---|---|---|---|
| उमेर समूह | जम्मा | पुरुष | महिला |
| ० वर्ष | 322 | 167 | 155 |
| १ वर्ष | 315 | 171 | 144 |
| २ वर्ष | 325 | 148 | 177 |
| ३वर्ष | 385 | 196 | 189 |
| ४ वर्ष | 345 | 183 | 162 |
| ५ वर्ष | 397 | 200 | 197 |
| ६ वर्ष | 392 | 199 | 193 |
| ७ वर्ष | 368 | 171 | 197 |
| ८ वर्ष | 400 | 198 | 202 |
| ९ वर्ष | 373 | 183 | 190 |
| १० वर्ष | 452 | 226 | 226 |
| ११ वर्ष | 447 | 231 | 216 |
| १२ वर्ष | 519 | 250 | 269 |
| १३ वर्ष | 527 | 268 | 259 |
| १४ वर्ष | 545 | 279 | 266 |
| १५ वर्ष | 528 | 249 | 279 |
| १६ वर्ष | 518 | 262 | 256 |
| १७ वर्ष | 491 | 254 | 237 |
| १८ वर्ष | 506 | 235 | 271 |

स्रोत:राष्ट्रिय जनगणना २०७८

## १ ३.१.सामाजिक तथा साँस्कृतिक अवस्था

नेपाल विभिन्न जातजाति, धर्म र सँस्कृतिहरुको धनि भएको देश जहाँ विभिन्न साँस्कृतिक विविधतामा एकता रहेको छ । त्यस्तै रामेछाप नगरपालिका भित्र पनि सांस्कृतिक विविधता रहेको छ । यस नगरपालिका भित्र १४ वटा जातजातिको बसोबास रहेको छ । सबै भन्दा बढी जनसङ्ख्या भएको जाति नेवार त्यस पछि क्रमशः मगर, क्षेत्री, तामाङ्, विश्वकर्मा, सुनुवार, मिजार, बाहुन, हायु, माझी, छितारी, साही र सार्की रहेका छन् । यस नगरपालिका भित्र नौ वटा भाषा बोलिने गर्दछ । सबै भन्दा बढी नेपाली भाषीहरु रहेकाछन् भने मगर, तामाङ्, नेवारी, सुनुवार, माझी, हायु भाषा बोल्ने गर्दछन् । यस नगरपालिकामा बसोबास गर्ने मानिसहरु हिन्दु, बौद्ध, किराँत र क्रिस्चियन धर्मावलम्वीहरु रहेका छन् । यहाँका मानिसहरुले दशैं, तिहार, माघी, होली, तीज, ल्होसार जस्ता मुख्य चाडपर्वहरु मनाउने गर्दछन् । यस नगरपालिका भित्र गणेशटार, भीमसेन स्थान, केवलेश्वर, शिद्धठाकुर,सोह्र भगवती, शिव पञ्चायन, चन्द्रकला, ताराखसे महादेव, निशान भगवती आदि धार्मिक पर्यटनका गन्तव्यका लागि पहिचान भएका शक्तिपिठहरु हुन् ।यस नगरभित्र तामाङसेलो, मारुनी, लाखे, मगर नाच जस्ता नाचहरू चाँडपर्व तथा उत्सवहरुमा गाउने र नाच्ने गर्दछन् ।

रामेछाप नगरपालिका नेपालको मध्यपहाडी भूभागमा पर्ने यस नगरमा हावापानीको हिसावले उष्ण, उपोष्ण तथा समसितोष्ण तीनै प्रकारको हावापानी पाइन्छ भने रामेछाप जिल्लामा घोषित १८ सुख्खाग्रस्त साविकका गा.वि.स.हरु मध्ये यस नगरपालिकामा ६ वटा गा.वि.स.हरु पर्दछन् । सहीद गंगालाल तथा नेपाली कम्युनिष्टका संस्थापक नेता पुष्पलालको जन्मस्थल भंगेरी, नेपालको स्वाधिनतासँग जोडिएको अंग्रेजसँगको युद्धको लागि तयार गरिएको तिल्केस्थान गढी तथा डुकुरसिंह डाडाँ, नेपालको सम्पदा सूचिमा सूचिकृत वडा ९ को ल्याङल्याङ भीमसेनस्थान र वडा नं. ८ को केवलेश्वर महादेव, हिमगंगाको सोह्र भगवती तथा चन्द्रकलादेवी, ओखेनीको गणेशटार, रामपुरको शिद्धठाकुर र प्रकृतिको अद्‌भुतदेन ताराखसे पोखरी यस नगरपालिकाका सम्पदा हुन् । त्यसैगरी रामेछाप नगरपालिकाको सर्वोच्च अग्लो भूभाग वडा नं. १ को थलारी डाँडाँ र रामेछाप जिल्लाकै सबै भन्दा होचो स्थान वडा नं. ५ को कोलञ्जोरघाट ३६९ मिटर यसै नगरपालिकामा रहेको छ । महाभारत पर्वत र हिमालय पर्वत दुबैको समय दृश्यावलोकन हुने भालुखोप भ्यूटावर, राम मन्दिर, कालिकादेवी स्थान, हाडेटार महादेव रामपुर, सिद्वठाकुर रामपुर आदि नगरका साँस्कृतिक, धार्मिक र पर्यटकीय महत्वका स्थानहरु हुन्।

### १.१.४ आर्थिक अवस्था

रामेछाप जिल्लाको सुख्खा ग्रस्त क्षेत्रको रुपमा चिनिने रामेछाप नगरपालिकाको पूर्वमा ओखलढंगा जिल्ला, पश्चिममा रामेछाप जिल्लाकै मन्थली नगरपालिका र उत्तरमा लिखु तामाकोशी गाउँपालिका अनि दक्षिणमा सिन्धुली जिल्लाको सिमाना रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल २०२.४५ वर्ग किलोमिटर रहेको छ भने नगरपालिकाको नागरिकको प्रमुख आम्दानीको श्रोतका रुपमा कृषि तथा पशुपालन व्यवसाय नै हो। सुख्खा क्षेत्र भएको कारण कृषि उत्पादनको मुख्य श्रोतका रुपमा दलहन बाली रहेको छ । पालिकाको माथिल्लो भेग ओखेनी, सुकाजोर, भालुखोप जस्ता फलफुलको प्रचुर संभावना भएको क्षेत्रहरुलाई समेटेर जुनारको पकेट क्षेत्र घोषणा गरेर जुनार उत्पादनलाई पेशाको रुपमा अगाडि

बढाईएको छ । यस्तै ओखेनी क्षेत्र तरकारी उत्पादनको दृष्टिकोणले बढी आम्दानी गर्ने क्षेत्र हो । यसका साथै यस नगरको वडा न ४ ५ ६ र ९ मा वाखापालनको लागि उपयुक्त हावापानी र चरणको कारण प्रमुख आम्दानीको श्रोत वनेको छ । यो नगर दूध र मासुमा आत्मनिर्भर उन्मुख समेत रहेको छ ।यहाँका खसी बोका राजधानी काठमाडौमा र गेडागुडिहरु तराइ तथा काठमाडौ तथा अन्य जिल्लामा निर्यात गरिदै आएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार रामेछाप नगरपालिकाको रोजगारीको अवस्था निम्न अनुसार रहेको छ र यो तथ्यांकले यो पालिकाको आर्थिक अवस्थालाई थप प्रष्ट पार्दछ ।

**रोजगारीको स्थिति**

| पेशा | जम्मा | रोजगारीको स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | कर्मचारी | रोजगारदाता | स्वरोजगार | परिवारको सदस्यलाई योगदान गर्दै | केही नखुलेको |
| सशस्त्र बल तथा सेना प्रहरी | 23 | 23 | 0 | 0 | 0 | 0 |
| व्यवस्थापक | 372 | 99 | 27 | 246 | 0 | 0 |
| ब्यबसायिक | 467 | 422 | 27 | 17 | 1 | 0 |
| प्राविधिक तथा अर्ध प्राविधिक | 125 | 108 | 9 | 6 | 1 | 1 |
| कार्यालय सहयोगी | 97 | 82 | 8 | 7 | 0 | 0 |
| सेवा तथा खुद्रा व्यापारी | 389 | 126 | 10 | 213 | 40 | 0 |
| दक्ष कृषि, वन र मत्स्यपालन कार्यकर्ता | 11375 | 49 | 17 | 10210 | 1098 | 1 |
| शिल्प र सम्बन्धित ट्रेड कामदारहरू | 563 | 443 | 9 | 100 | 11 | 0 |
| बाली र औजार सञ्चालक र प्रयोगकर्ता | 177 | 137 | 6 | 33 | 1 | 0 |
| प्राथमिक कामदारहरू | 1753 | 539 | 4 | 455 | 754 | 1 |
| पेशा उल्लेख नगरिएको | 3 | 2 | 0 | 0 | 1 | 0 |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.१.५ शैक्षिक अवस्था

यस रामेछाप नगरपालिकामा हाल सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुलाई तल उल्लेख गरिएको छ ।

१. सरकारी विद्यालयको संख्या (५४)

२. निजी विद्यालयको संख्या (२)

३. क्याम्पस संख्या (२)
४. आ. वि. संख्या (४१)
५. मा. वि. संख्या (१३)
६. बालविकास केन्द्र (५६)

नगर भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरु र विद्यार्थीको विवरण प्रस्तुत तालिकामा उल्लेख भए अनुसार रहेको छ ।

| क्र.सं. | तह | शिक्षक | विद्यार्थी | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ५८ | ५७७ | |
| २ | आधारभूत तह (कक्षा १-५) | १७१ | १५३९ | |
| ३ | आधारभूत तह (कक्षा ६-८) | ५७ | १०७२ | |
| ४ | माध्यमिक तह (कक्षा ९-१०) | ६५ | ६६९ | |
| ५ | माध्यमिक तह (कक्षा ११-१२) | १४ | ४१३ | |
| | जम्मा | ३६५ | ४२७० | |

*स्रोत:शिक्षा युवा तथा खेलकुद शाखा, रामेछाप नगरपालिका*

विद्यालय शिक्षा सम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी अपेक्षित नतिजामूलक सुधारका लागि संस्थागत प्रयासहरु जरुरत हुन्छ । यसका निमित्त नगरपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक नीति, योजना, विधि तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने विद्यमान अवस्था देखिन्छ ।

संविधानले प्रदान गरेको विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्थित प्रयोग गर्न **रामेछाप नगरपालिकाले स्थानीय शिक्षा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याउन जरुरी** देखिन्छ ।

**तहगत विद्यालय विवरण (२०८१)**

| क्र.स. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १. | पूर्व प्राथमिक तह (ECD) | ० | ५४ | ५४ | २ | ५६ |
| २. | आधारभूत तह १-५ | ३१ | ० | ३१ | १ | ३३ |
| ३. | आधारभूत तह १-८ | ० | ७ | ७ | १ | ८ |
| ४. | माध्यमिक ९-१० | ० | ६ | ६ | ० | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | माध्यमिक ९-१२ | ३ | ४ | ७ | ० | ७ |
| | जम्मा (ECD बाहेक) | ३४ | १७ | ५१ | २ | ५४ |

*स्रोतःशिक्षा युवा तथा खेलकुद शाखा, रामेछाप नगरपालिका*

**प्रकारगत शिक्षक विवरण**

| क्र.स. | किसिम | आधारभूत १-५ | आधारभूत ६-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | १२९ | २२ | २२ | ४ | १७७ |
| २. | राहत शिक्षक | ४२ | २८ | १४ | १० | ९४ |
| ४. | न.पा. अनुदान | ० | ५ | १० | ० | १५ |
| ५. | संघीय अनुदान | ० | २ | १७ | ० | १९ |
| ६. | प्रदेश अनुदान | ० | ० | २ | ० | २ |
| | जम्मा | १७१ | ५७ | ६५ | १४ | ३६५ |

*स्रोतःशिक्षा युवा तथा खेलकुद शाखा, रामेछाप नगरपालिका*

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०८१)**

| क्र.स. | तह | कूल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | ३०६ | २७१ | ५७७ | ४७ | २७ | ७४ | २०९ | १९२ | ४०१ |
| २. | आधारभूत १-५ | ७४९ | ७९० | १५३९ | १२८ | १२९ | २५७ | ५१० | ५५४ | १०६४ |
| ३. | आधारभूत ६-८ | ४९८ | ५७४ | १०७२ | ६४ | ६२ | १२६ | ३८६ | ३२५ | ७११ |
| ४. | माध्यमिक ९-१० | ३२२ | ३४७ | ६६९ | ४६ | ४४ | ९० | २२० | २५७ | ४७७ |
| ५. | माध्यमिक११-१२ | १७५ | २३८ | ४१३ | २१ | ३० | ५१ | ९९ | १५५ | २५४ |
| | जम्मा | २०५० | २२२० | ४२७० | ३०६ | २९२ | ५९८ | १४२४ | १४८३ | २९०७ |

*स्रोतः IEMIS Report, २०८१*

**साक्षरता सम्बन्धी विवरण**

| क्र.स. | विवरण | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १. | कूल जनसंख्या | १३२१३ | ११७५८ | | २४९७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ५ वर्षमाथिको जनसंख्या | ७३२६ | ८४५१ | ० | १५७७७ |
| ३. | ५ वर्षमाथिको साक्षरता जनसंख्या | ७२५६ | ८३९१ | ० | १५६४० |
| ४. | ५ वर्षमाथिको साक्षरता प्रतिशत | ९९.०४% | ९९.२९% | | ९९.१३% |
| ५. | साक्षर निरक्षर नखुलेको जनसँख्या | ७० | ६० | ० | १३० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## १.२ सवल पक्षहरु

सवल पक्षको रुपमा हेर्दा यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था रहेकोछ । यस पालिकाको शिक्षा क्षेत्रका सवल पक्षहरु देहाय अनुसार बुँदागतरुपमा प्रस्तुत गरिएको छ ।

१. दिवा खाजा कार्यक्रम (कक्षा ५ सम्म)
२. कार्यालयीय संचारको लागि प्रविधिको प्रयोग
३. दरबन्दी मिलानमा तदारुकता
४. साक्षरता र बालमैत्री नगरपालिका घोषणाको लागि तयारी
५. अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको लागि तयारी
६. शिक्षकको पेशागत तालिममा जोड
७. विद्यालय कर्मचारी र बालविकास सहजकर्तालाई थप प्रोत्साहन
८. प्राथमिक तहमा शिक्षक दरबन्दी पर्याप्त
९. बालमैत्री शिक्षण सिकाइ सुरु भएको
१०. विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ तथा संस्थाहरुसँगको सहकार्य
११. प्रत्येक विद्यालयमा ईन्टरनेट सहितको सुबिधा रहेको
१२. सुत्केरी सट्टा शिक्षकको व्यवस्था,
१३. प्राविधिक शिक्षालय सन्चालनमा रहेको,
१४. नमूना विद्यालय सन्चालनमा रहेको,
१५. उच्च शिक्षाको लागि २ वटा क्याम्पस सञ्चालनमा रहेको
१६. शुद्ध विज्ञान र प्राविधिक शिक्षा (कृषि, भेटेनरी र स्वास्थ्य विज्ञान विषय) अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गरिएको
१७. नगर शिक्षकको व्यवस्थापन गरिएको
१८. नगर स्तरीय शैक्षिक क्यालेन्डर निर्माण गरी विभिन्न शैक्षिक क्रियाकलापहरुमा एकरुपता लिएको
१९. नगर स्तरीय परीक्षा सञ्चालन गरी विद्यालयको परीक्षा प्रणालीमा एकरुपता लिएको
२०. थप संरक्षणको आवश्यकता पर्ने पहिचान भएका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम रहेको
२१. अभिभावक तथा नागरिकमा शिक्षा सम्बन्धी जनचासो बढेको

२२. माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा रहेको

२३. अधिकांश विद्यालयहरुको भौतिक पूर्वाधारको राम्रो रहेको

२४. नगर स्तरमा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी विभिन्न विधामा पुरस्कार प्रदान गरिएको

## १.३ मुख्य समस्याहरु

सबैका लागि समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षामा विपन्न वालवालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, सहभागी निरन्तरता एवम् सिकाइ उपलब्धि सोचे जस्तो नहुनु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षकहरु दरवन्दी पुरा गर्न नगर्न नसकिनु, स्रोतको न्यूनता हुनु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा आजीवन सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, हरेक प्रयासका वावजुद पनि केहि वालवालिका विद्यालयमा जान नचाहानेको लागि खुल्ला शिक्षाको व्यवस्थापन नहुनु, प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र त्यसको आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

१. विद्यालय उमेरका केहि बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुर्याउन नसक्नु ।

२. सरोकारवालाहरूको शिक्षाप्रति चासो भएपनि सहभागिता र अपनत्वको भावनामा कमी हुनु जसको कारण सञ्चालित कार्यक्रमको उद्देश्यमूलक र दीगो हुन नसक्नु ।

३. विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधनमा कठिनाई हुनु ।

४. सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु ।

५. शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्टरूपमा सूचकहरु परिभाषित नहुनु ।

६. विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु ।

७. निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु ।

८. सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु ।

९. दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको अपेक्षित नतिजा क्षमता अभिवृद्धि गर्न नसक्नु ।

१०. तालिममा सिकेका ज्ञान तथा सीपहरू कक्षाकोठामा प्रयोगमा कमी हुनु ।

११. शिक्षा दीर्घकालीन रूपमा प्रतिफल दिने क्षेत्र भएको तर सम्वद्धपक्षले तत्काल अपेक्षित नतिजा खोज्ने प्रवृत्ति हुनु ।

१२. स्पष्ट जिम्मेवारी तोकी संघीय तथा प्रदेश ऐन नियम नआउँदा कार्य सम्पादनको क्रममा अन्यौलता हुनु।

१३. शिक्षालाई पेशागत प्रणालीको विकास गर्न नसकिनु ।

१४. सिकाइ उपलब्धिको स्तरमा कमी हुनु

१५. प्राविधिक शिक्षामा विद्यार्थीहरुको भर्ना कम हुनु ।

१६. विद्यार्थी र विद्यालय शिक्षकहरुको अनुपात मिलान नहुनु ।
१७. विद्यार्थीलाई शिक्षामा आकर्षित गर्नको लागि मनोपरामर्श नहुनु ।
१८. Career Counseling को आवश्यक प्रवन्ध नहुनु ।
१९. रोजगारीको क्रममा वाहिर गएका अभिभावकका कारण विद्यालयमा विद्यार्थी संख्या कमी हुनु ।
२०. वडा शिक्षा समितिलाई निस्क्रिय हुनु।
२१. मर्ज गरिएका र गर्ने क्रममा रहेका विद्यालयका विद्यार्थीहरुको लागि व्यवस्थापन योजना स्पष्ट नहुनु ।

## १.४ शिक्षा क्षेत्रका चुनौतीहरू

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका केहि बालबालिकालाई विद्यालय भर्ना गर्नु,केही कक्षा छाड्ने विद्यार्थी दर शून्यमा झारी अपेक्षित नतिजा सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

१. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु
२. प्रारम्भिक बाल विकास केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु
३. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु
४. सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु
५. अभिभावकहरुमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो बृद्धि गर्नु
६. प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वाधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धि गर्नु
७. दक्ष, योग्य, तालिम प्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति, उपयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रेजी र विज्ञान जस्ता विषय शिक्षकहरु पदपूर्ति समयमै गर्नु

८. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ र अभिभावकहरुको भूमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु
९. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु
१०. केहि विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु
११. शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु
१२. विद्यालय नेतृत्वको भूमिका सवलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु
१३. शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु
१४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु
१५. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु
१६. बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु
१७. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु
१८. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्नु
१९. विद्यालय क्षेत्रमा राजनीतिक हस्तक्षेप नियन्त्रण गर्नु
२०. शिक्षकको पेशागत सहयोग सम्बन्धी राष्ट्रिय प्रावधानलाई स्थानीय स्तरमा कार्यान्वयन गर्नु

## १.५ अवसरहरू

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन् ।

१. शिक्षामा लगानीको लागि संघ तथा प्रदेशको कानुनहरु परिमार्जन तथा निर्माण नभएपनि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ वटा अधिकार प्रदान गरेको
३. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानूनी र नीतिगत प्रबन्ध भएको
४. स्थानीय तहमा शिक्षा क्षेत्रमा गैर सरकारीसङ्घ संस्थाहरूको लगानीमैत्री वातावरण भएको

५. गुणस्तरीय शिक्षाप्रति केहि वाहेक अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको
६. लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको
७. प्राविधिक शिक्षाको विस्तारले  दक्ष जनशक्ति निर्माण भएको

# परिच्छेद २. दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्ने आधार

नेपालको संविधानले राज्यको पुनरसंरचना गरी विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ । स्थानीय सरकारको आन्तरिक राजश्व तथा सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने स्रोत साधनको परिचालनबाट आफ्नो एकल अधिकार सूचिमा रहेका काम कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न जरुरी हुन्छ । शिक्षालाई साझा अधिकारको सूचिमा समेत समावेश गरिएको हुँदा तीनै तहका सरकारहरूले विद्यालय तह देखि उच्च शिक्षा सम्मका औपचारिक अनौपचारिक शिक्षा क्षेत्रमा नीति, कार्यक्रम र योजना बनाई समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्नु पर्ने आसय संविधानत उल्लेख भएको छ ।

स्थानीय तहमा आवश्यकतानुसार योजना निर्माण गर्न र स्थानीय तहहरूको योजनाको आधारमा सङ्घीय शिक्षा योजना बनाउन पनि स्थानीय शिक्षा क्षेत्रको योजनाले सहयोग पुर्याउछ।केन्द्रीकृत योजनाबाट स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने क्षेत्रहरु समेटेर स्थानीय शिक्षा क्षेत्रको योजना निर्माण गर्दा सरोकारवाला पक्षहरुको अपनत्व, सहभागिता तथा स्वामित्वमा अभिवृद्धि हुन्छ ।सरकारले समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तय गरिएको अवस्थामा शिक्षा क्षेत्रको विकास र विस्तारसँगै गुणस्तर सुधार गर्दै सो लक्ष्य सम्म पुग्नका लागि समन्वय गर्नु आवश्यक छ । त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा सन २०३० सम्मका लागि दीगो विकास लक्ष्य निर्धारण भई लक्ष्य नं ४ मा गुणस्तरीय शिक्षाको विकास गरी समन्यायिक पहुँचमा पुऱ्याउने गरी नेपालले प्रतिवद्धता व्यक्त गरेको छ र सो लक्ष्य प्राप्तिको लागि प्रयासरत रहेको छ । सन २०२२ (वि सं २०७८) सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा पुग्ने, सन २०३० (विसं २०८७) सम्म मध्यम आयस्तर भएको राष्ट्रमा रूपान्तर हुने लक्ष्यका साथ नेपालले १६ औं विकास योजना तय गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार शिक्षा क्षेत्रको विकास तथा दीगो विकास लक्ष्यको प्राप्तिका लागि नेपालको शिक्षा योजनालाई एकाकार गर्ने प्रयोजनका लागि सङ्घीय सरकारले शिक्षा क्षेत्रको १० वर्षे शिक्षा क्षेत्र विकास योजना तयार गरी कार्यान्वयनमा रहेको अवस्थामा सङ्घीयताको मर्म र भावना अनुसार स्थानीय तहहरूले समेत सङ्घीय सरकारको नीति योजना तथा कार्यक्रमसँग सहकार्य गर्दै आ-आफ्नो क्षेत्रको विकास योजना निर्माण गर्नु पर्ने हुँदा सङ्घीय सरकारबाट प्राप्त योजनाको ढाँचामा स्थानीय आवश्यकताहरू थप गर्दै रामेछाप नगरपालिकाद्वारा यो १० वर्षे नयाँ शिक्षा योजना तर्जुमा गरिएको हो ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

सक्षम, सिर्जनशील,शीपयुक्त र मूल्यउन्मुख दक्ष नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने ।

## २.३ रामेछाप नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तब्य

"प्रविधिमैत्री, गुणस्तरीय, समावेशी शिक्षाःसिर्जशीलता, समृद्धि र रोजगारीको सुनिश्चितता"

## २.४. लक्ष्य

"सबै बालबालिका तथा समूदायलाई समावेशी, सीपयुक्त तथा प्रबिधिमैत्री प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गरी नागरिकमा सिर्जनशीलता सहित रोजगारीका अवसरहरु सृजना गर्न"

## २.५. उद्देश्य

सीप सहितको शिक्षालाई आधार तयार गर्ने गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न यस योजनाका उद्देश्यहरु देहाय अनुसार निर्धारण गरिएका छन् ।

१. सबै बालबालिकाहरुलाई बालविकास केन्द्र र पूर्व प्राथमिक शिक्षाको अवसर सुनिश्चित गर्नु
२. प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्दै गुणस्तर अभिवृद्धि गर्नु
३. माध्यमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार तथा संस्थागत सक्षमता अभिवृद्धि गर्नु
४. प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरमा विस्तार तथा गुणस्तर सुधार गर्नु
५. विभेद तथा दुर्व्यवहारमुक्त सिकारूमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण तयार गर्नु,
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सीप र अभिवृद्धिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु,
७. व्यवसायिक रूपमा दक्ष, योग्य, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही विषयगत तथा कक्षागत शिक्षकको व्यवस्था सुनिश्चित गर्नु
८. बालबालिकाको सिकाइप्रति उत्तरदायी एवम जवाफदेही प्रणालीको विकास गरी विद्यालयमा सुशासन प्रवर्द्धन गर्नु
९. सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवन्ध गर्नु,
१०. आपत्कालीन र सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु
११. सञ्चालित माध्यामिक विद्यालयहरुलाई स्थानीय परिवेश सुहाउदो विशेष सीप र दक्षता प्रदान गर्ने विद्यालयको रुपमा विकास गर्नु
१२. सामुदायिक र संस्थागत विद्यालयहरुका समस्याहरुलाई एकाकार गरी समाधानमा अग्रसर हुने प्रयत्न गर्नु (शिक्षालाई एकद्वार प्रणालीमा लागु गर्नु)
१३. विज्ञान तथा गणित विषय शिक्षकहरु सहजरुपमा पाउनु

## २.६. रणनीतिहरू

१. तीन बर्ष उमेर पूरा भएका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास केन्द्रको शिक्षा अनिवार्य गर्ने ।

२. चार वर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई एक वर्षको पूर्व प्राथमिक शिक्षा अनिवार्य गर्ने ।
३. अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
४. निःशुल्क माध्यमिक शिक्षामा  समतामूलक पहुँचको सुनिश्चितता तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने ।
५. युवाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम र सीप विकासको अवसर र पहुँच विस्तार गर्ने ।
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत न्यूनतम सिकाइ उपलब्धिको सुनिश्चितता सहित सबै विद्यालयमा गुणस्तर कायम गर्ने ।
७. पूर्वाधार तथा प्रविधिको विकास एवम् प्रयोग मार्फत सबै तहको शिक्षामा सिकाइ तथा सिकारुमैत्री वातावरण निर्माण गर्ने ।
८. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ अवसरहरुको विस्तार गर्ने ।
९. शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने ।
१०. विपद जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाउने।
११. सबै प्रकारका विभेदहरु न्यूनिकरण गर्नको लागि आवश्यक रणनीति तयार गर्ने ।
१२. ९-१२ कक्षामा प्राविधिक धारको शिक्षालाई विकास गर्दै लैजाने।
१३. दैनिक जीवन उपयोगी/व्यवहारिक/व्यवसायिक शिक्षा प्रणालीको विकास गर्ने ।
१४. गणित र विज्ञानको शिक्षक उत्पादन गर्नको लागी प्रोत्साहन गर्ने ।

## २.७. कार्यनीति

१. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारी सञ्चालनका लागि सङ्घ, प्रदेश र नगरपालिका एवम् गैरसरकारी सङ्घ संस्थाहरुसँग लागत साझेदारी गरी स्रोत सुनिश्चितता गरिनेछ ।
२. शिक्षाका सम्पूर्ण प्रक्रियामा अभिभावकहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।
३. अभिभावकहरुको संलग्नतामा शिक्षामा आकर्षण बढाउनको लागि विद्यालय समुदाय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
४. विद्यालयको आवश्यकता अनुसार नीजि तथा तालिम नपाएका शिक्षकहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
५. निर्धारित मापदण्ड अनुरूप सरसफाई, बसाई व्यवस्था मिलाई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
६. लक्षित समूहका बालबालिकालाई सेवाक्षेत्र रहेको सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र गैरसरकारी निकायको सक्रियतामा विद्यार्थी भर्ना र घरदैलो कार्यक्रमलाई निरन्तरता दिइने तथा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गरिनेछ ।

७. विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण र कमजोर विद्यार्थीहरुको लागी थप कक्षा सञ्चालन जस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

८. बालमैत्री व्यवहार र शिक्षण सिकाइ पद्धतिको विकास गरी सबै विद्यालयहरुलाई बालमैत्री घोषणा गरी निरन्तरता दिईनेछ ।

९. स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान मार्फत न्यूनतम विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

१०. लागत साझेदारी कार्यक्रम मार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ ।

११. माध्यमिक शिक्षालाई निःशुल्क गरिनेछ। अति विपन्न र पिछडिएका समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ ।

१२. विषयगत शिक्षकहरूको पेशागत समूह बनाई छलफल तथा अन्तर्क्रिया आयोजना गरिनेछ । कक्षा अवलोकन, मूल्याङ्कन र पृष्ठपोषण लिने/दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिनेछ ।

१३. जनप्रतिनिधि, कर्मचारी, पेशाविद, निवृत्त शिक्षक, कार्यरत विज्ञ शिक्षकहरूको समूह बनाई विद्यालय तथा कक्षाकोठा निरीक्षण र सुपरीवेक्षणको कार्य निरन्तर गरिनेछ ।

१४. विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

१५. विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।

१६. आवधिक परीक्षाको अपेक्षित नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ ।

१७. विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ र उच्च स्थान हासिल गर्ने विद्यार्थी र शिक्षकलाई थप प्रोत्साहनको कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

१८. पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१९. शिक्षक र विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।

२०. माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

२१. प्रत्येक वर्ष कक्षा ५ र ८ मा नगरपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ। कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धि परीक्षणको रूपमा उपयोग गरिनेछ ।

२२. अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

२३. प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार अवसर प्रदान गर्न औद्योगिक/उद्यमशीलता प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) तथा छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।यस कार्यमा बीचमा पढाई छाडेकाहरुको पहिचान गरि प्राथमिकता दिइनेछ साथै विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन सामुदायिक र संस्थागत विद्यालयहरुमा नियमित अनुगमनका लागि वडा शिक्षा समितिलाई थप सक्रिय र बिशेष जिम्मेवार बनाइनेछ ।

२४. प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन भइरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्षा व्यवस्थापनको लागि सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ र संस्थागत विद्यालयहरुको क्षमता विकास गरी सबै विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा जोड दिइने छ ।

२५. निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षामा अध्ययनको अवसरमा प्राथमिकता दिइनेछ।

२६. प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. पठन संस्कृतिको विकास तथा आजीवन शिक्षाको लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ, आजीवन सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

२८. कानून बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ । लेखापरीक्षण पूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ ।

२९. वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आवद्ध गरिनेछ ।

३०. विद्यालयको वृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आवद्ध गरिनेछ र कार्यान्वयन योग्य तुल्याइनेछ।

३१. आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ ।

३२. विद्यालयका प्र.अ, वि.व्य.स./शि.अ.सं. का पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

३३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) व्यवस्थित र सुदृढ गरिनेछ । यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ । विद्यालय IEMIS लाई अनुदान निकासासँग आवद्ध गरिनेछ ।

३४. सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ./शिक्षक/कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ । साथै नवप्रवेशी शिक्षक/कर्मचारीहरुलाई अनिवार्य कम्प्युटर सीप सम्बन्धी तालिम लिने/दिने व्यवस्था गरिनेछ ।

३५. एक शिक्षक एक कम्प्युटर/ल्यापटपको व्यवस्था गरिनेछ।

३६. विपद जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ । विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ ।

३७. सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागू गरिनेछ ।

३८. विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए/नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री र वालमैत्री भए नभएको सुनिश्चित गरिनेछ ।

३९. विद्यालयमा मानवमूल्य शिक्षा र नैतिक शिक्षाको प्रवर्द्धन गरिनेछ ।

४०. नगर भित्रका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम मार्फत नैतिक शिक्षालाई समावेश गराई व्यवसायिक र प्रयोगात्मक सीप सहितको शिक्षामा जोड दिइनेछ ।

४१. संस्थागत विद्यालयहरुलाई जिम्मेवार बनाई राज्यले लिएको अर्थनीति अनुसार स्थानीय शिक्षा योजना सफल बनाउन प्रयत्न गरिनेछ ।

४२. कक्षा ११ र १२ मा विज्ञान शिक्षा विकास गर्न आवासीय र छात्रवृति सहित पूर्ण निःशुल्क शिक्षा बनाउदै लगिनेछ ।

## २.८. अपेक्षित नतिजा उपलब्धि

शिक्षा क्षेत्रको योजना कार्यान्वयनको अन्त्य सम्ममा निम्नानुसारका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार आउने,
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउने,
४. विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
५. सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त हुने,
६. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,
७. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने,
८. बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई सिकाइमा सहयोग पुग्ने,

९. सबै विद्यार्थीहरूका लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने,
१०. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने,
११. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रविधीमैत्री कक्षा सञ्चालन हुने,
१२. सबै विद्यालयहरूमा न्यूनत्तम भौतिक पूर्वाधार पुगेको सुनिश्चित हुने,
१३. रोजगारी सूचना प्रणालीको व्यवस्था भएको हुने,
१४. सबै विद्यालयहरू बालमैत्री सुशासनयुक्त विद्यालय भएको हुने ।

## २.९. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । सूचकहरुमा स्थानीय तहको आधार वर्षको आधार लिएर तय गरिएको छ ।

सूचाङ्कगत लक्ष्य देहाय अनुसार निर्धारण गरिएको छ ।

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१.** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | | | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ रामेछाप नगरपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| **१.१** | कूल भर्नादर | ९९.९ | १०९.९ | ७२.५ | ९५.९ | | ७८ | | १०४ | ८४ | ९९ | १०१ | ९० | |
| **१.२** | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| **१.३** | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| **१.४** | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ९४.७ | ८६.२ | | ९६ | ९० | ८१ | ९८ | ९५ | ८५ | ९९ | |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| **२.१** | कक्षा १ मा कूल प्रवेशदर | ११५.९ | | १०३.४ | १०६ | ११० | १०१ | | १०० | १०० | | | १०० | |
| **२.२** | कक्षा १ मा खुद प्रवेशदर | ९५.७ | ९६.१ | ९५.७ | ९९ | ९९ | ९७ | ९८.१ | ९९ | ९९ | | | ९९ | |

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| २.३ | कक्षा १-५मा कूल भर्नादर | १२४.५ | १३०.१ | १००.९ | ११२ | ११५ | १०० | ११८ | १०५ | १०५ | | | १०० | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ रामेछाप नगरपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९५.६ | ९६.१ | ९६.६ | ९८.४ | १०० | ९८ | १०० | ९८.१ | १०० | १०० | ९९.५ | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | | ३.१६ | ४.१ | ३ | ४.२ | ४ | ४ | ४ | | | ४ | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | | ९ | २८.१ | ३० | १४ | ३० | ३० | १९ | | | २४ | |
| २.७ | कक्षा १- ८ मा कूल भर्नादर | १२०.४ | १२८.३ | ९९.३ | १११.८ | ११२ | १०० | १११ | ११० | १०० | १०० | १०६ | १०० | |
| २.८ | कक्षा १- ८ मा खुद भर्नादर | ९५.१ | ९५.९ | ९५.७ | ९७ | ९९ | ९८ | ९७ | १०० | ९९ | १०० | ९९ | ९९.५ | |
| २.९ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १ | | १ | १ | १ | १ | १ | १ | | | | |
| २.१ | कक्षा ८ मा टिकाउ दर | ८६.२ | | ८६.३ | ९०.९ | | ९० | ९९.५ | | ९५ | ९९ | | ९९ | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८०.२ | | ८५ | ८६.९ | | ९० | ९९ | | ९९ | ९८ | | ९९ | |
| २.१२ | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | | २.८५ | | ४ | ३ | | ४ | ३ | | | ४ | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | | १८ | | ३० | २० | | ३० | २२ | | | २५ | |

| क.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | १ | १ | | | ० | | | ० | | ० | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ रामेछाप नगरपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| **३.** | **माध्यमिक शिक्षा** | | | | | | | | | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९- १० | ९४.६ | | ९०.७ | १०५.६ | ११५. | ९५ | १०९ | ११० | १०० | १०९ | | १०० | |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ६५.५ | ७०.७ | ८१.४ | ७७.५ | ८३ | ९६.४ | ९० | ९० | ९६.५ | | ९२ | |
| ३.३ | कूल भर्नादर कक्षा ९- १२ | ७१.४ | ९९.८ | ७४ | ३७.२ | ९०.५ | ७५ | ९७ | ९५ | ८५ | ९० | १०० | १०० | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ५७.९ | ६१.० | ५६.१ | ५८.१ | ५७.५ | ५८ | ७२.१ | ७० | ६५ | | ६५ | ७५ | |
| ३.५ | कूल भर्नादर कक्षा ११- १२ | ५१.५ | | ५८.१ | ७७.३ | ७७.१ | ६० | ८५.८ | ८५.५ | ७० | | | ७५ | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | | ४२.२ | ४०.१ | ४२.५ | ४४ | ६२.२ | ६५.५ | ५० | ७४.३ | | ७५ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | | ६९.९ | ९७.९ | | ७५ | ९९ | | ८५ | ८५ | | ९५ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ | | ३७.२ | ४२.७ | | ४५ | ५२.३ | | ५५ | ५५.२ | | ६० | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | | ५ | | ५ | ५ | | ६ | ५ | | | ६ | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४० | | १०.२९ | | ३० | १५ | | ३० | २० | | | २५ | |

| क.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | | २ | | ४ | ३ | | ५ | ४ | | | ५ | |
| ३.१२ | कक्षा ११-१२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३ | ७० | २९.५ | | ४० | ३४ | | ३० | ३० | | | ३०. | |
| **३.१३** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | ०.९ | १ | १.०५ | | १ | १ | | | | | |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | | | |
| **४.१** | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ६७.८ | ९६ | ९५ | ८५ | १०० | १०० | ९० | | | ९९ | |
| **४.२** | १५-२४ वर्षको साक्षरता दर | ९२ | | ६८.८ | ९९ | | ८० | १०० | ९५ | ९० | | | ९९ | |
| **४.३** | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | ७५ | | | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | | |
| **५.१** | आधारभूत तह | ५४. | ३०. | ४३.६६ | ५० | ३७ | ४५ | ५० | ४५ | ५० | | | ५० | |
| **५.२** | माध्यमिक तह | १९. | १४.१ | | २५ | २० | | ३० | २५ | | | | | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता)** | | | | | | | | | | | | | | |
| **६.१** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५२ | | ५० | ६३ | | ७० | ९० | | ९० | | | | |
| **६.२** | आधारभूत विद्यालय | १३.४ | | | ७० | | | ९५ | | | | | | |
| **६.३** | माध्यमिक विद्यालय | | | | ६० | | | ९० | | | | | | |

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | | | | | | | |
| **७.१** | कूल बजेटमा शिक्षाको बजेटको प्रतिशत | ११.६४ | | २४ | १७ | | २५ | २० | | २५ | २० | | २५ | |
| **७.२** | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | १८००० | | | २१००० | | | २४००० | | | | | | |
| **७.३** | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | ११००० | | | १५००० | | | १७००० | | | | | | |

# परिच्छेद ३.विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

यस खण्डमा विद्यालय शिक्षाका विभिन्न क्षेत्रहरू : प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । योजनाको खाका तयार गर्दा सन्दर्भ तथा पृष्ठभूमिको अध्ययन, विद्यालय क्षेत्रको अवस्था विश्लेषणले महत्त्वपूर्ण आधार प्रदान गरेको छ । नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, राष्ट्रिय शिक्षा नीति, संरचना, शिक्षा तथा अधिकार सम्बन्धी विविध कानुनी प्रबन्ध, दिगो विकासका लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तराष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, सोह्रौं योजनाका सम्बन्धित पक्ष र यस नगरको नगर शिक्षा ऐन समेतलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था निःशूल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, आवधिक सोह्रौयोजना, शिक्षा क्षेत्रको योजनामा समेत उल्लेख गरिएको छ । ४ वर्ष उमेरका बालबालिकाहरूको सर्बाङ्गीण पक्ष (शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक) को विकासमा सहयोग पुर्याई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिका बालविकास तथा शिक्षा हो । यो कार्यक्रम विद्यालय र समुदाय दुबैमा सञ्चालन गर्ने नीति भए पनि पछिल्ला वर्षहरूमा विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यसका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था गरिए पनि विद्यालयमा आधारित केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाटै व्यवस्थित हुने गरेको छ ।

### ३.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम निर्माण तथा थीमहरु निर्धारण गरिएका छन् । २० वटा सक्षमताहरु निर्धारण तथा नियमित दैनिक ४ घण्टा ३० मिनेट कक्षा सञ्चालन गर्ने गरी दैनिक कार्य तालिका निर्धारण गरिएको, हरेक बालविकास केन्द्रमा सहजकर्ता, कक्षाकोठा, सामाग्री व्यवस्थापन, दिवा खाजा, पुस्तकालय र सिकाइ कर्नर, सिकाइ खेल सामग्री, स्वास्थ्य परीक्षण तथा खानेपानी र सरसफाइको व्यवस्था, अभिलेख व्यवस्थापन, समिति गठन र क्रियाशील रहेका छन् भने विद्यार्थी मूल्याङ्कन तथा शैक्षिक सिकाइ क्रियाकलाप जस्ता गतिविधिहरु नियमित रुपमा सञ्चालन गरिएका छन् ।

यसै गरी रामेछाप नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा निम्न अवस्था विद्यमान देखिन्छ ।

१. पालिका भित्र ५६ वटा बालविकास केन्द्र रहेका
२. केहि विद्यालयको कक्षाकोठा,सामग्री, बसाइ,व्यवस्थापन,पुस्तकालय,सिकाइकुना प्रभावकारी नभएको
३. कतिपय विद्यालयहरुमा कक्षाकोठाहरु भएको तर न्यूनतम पूर्वाधार नपुगेको
४. बसाइ व्यवस्थापन सामान्य भएपनि भएको थप व्यबस्थित गर्नुपर्ने
५. कतिपय विद्यालयहरुमा छुट्टै घेराबार सहितको भवन नभएको
६. बालउद्यान र बालसिकाइ खेल सामग्रीको अभाव रहेको
७. सबै बालविकास केन्द्रमा पाठ्यक्रम नभएको
८. धेरैजसो कक्षाकोठाहरु मापदण्ड अनुसार नभएको
९. स्वास्थ्य परीक्षण, सुरक्षित खानेपानीको र सरसफाइको अभाव रहेको (केही विद्यालयमा)
१०. व्यक्तिगत फाइल र कक्षाका गतिविधि सहितको अभिलेख व्यवस्थित नभएको
११. अभिभावकको सकृय सहभागितामा कमी
१२. सीमित विद्यालयमा बालविकास कक्षा व्यवस्थित र आकर्षक भएको
१३. तालिम प्राप्त सहजकर्ताले मापदण्ड अनुरुप शिक्षण क्रियाकलाप नगरेको
१४. दिवा खाजाको व्यवस्था भएको
१५. मा वि सञ्चालनमा रहेको विद्यालयमा नर्सको व्यवस्था भएको र स्वास्थ्यमा सहज भएको

वर्तमान व्यवस्था र अवस्थाको विश्लेषण गर्दा निम्नानुसारका समस्या, चुनौती तथा अन्तरहरु (Gap) पहिचान गरिएको छ ।

१. पेशागत स्थायित्व नभएका कारण बालविकास सहजकर्ता परिवर्तन भइरहनु
२. बालविकास सहजकर्ताको दरबन्दी नहुनु
३. विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताको सेवा सुविधा कम रहेको
४. सहजकर्ता छनौटको लागि पाठ्यक्रम तथा कार्यविधि नहुनु
५. बालविकासलाई कम महत्वका साथ हेरिनु
६. बालविकासमा आवश्यक परेजति लगानी नहुनु
७. पाठ्यक्रम विद्यालयमा उपलब्ध नहुनु र प्रभावकारी रुपमा कार्यन्वयन नहुनु
८. कम उमेरको बालबालिकालाई बालविकासमा भर्ना गरिनु
९. अभिभावकको आफ्नो बच्चा प्रतिको हेरचाह, सरसफाइ र दैनिक पोषणयुक्त खाजामा चासो कम
१०. तालिममा सिकेको सवै कुरा कक्षाकोठामा कार्यान्वयन गर्न नसक्नु
११. बालविकासको महत्वलाई सरोकारवालाहरुले कम बुझ्नु

१२. कक्षा कोठा व्यवस्थापनमा सिकाइ कुना निर्माण केहि विद्यालयमा नहुनु तथा सामग्रीको अभाव हुनु एवम् सिकाइ वातावरण रमाइलो नहुनु
१३. बैकल्पिक सहजकर्ता नहुनु
१४. खेल सामग्री, स्थानीय शैक्षिक सामग्री, दैनिक क्रियाकलाप पुस्तिका नहुनु
१५. केहि विद्यालयहरुमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न नसक्नु
१६. आधारभूत तथा विकासात्मक पक्षलाई सहजकर्ताले कम ध्यान दिनु
१७. अभिभावकसँग मासिक बैठक तथा समीक्षा नियमित नहुनु
१८. पोर्टफोलियो नबनाउनु, अभिभावकलाई रिपोर्ट कार्ड नदिनु
१९. सिकाउनु भन्दा बच्चाहरुलाई घोकाउन तर्फ लाग्ने प्रवृति कायम हुनु
२०. आयाको व्यवस्था नहुनु
२१. वडा शिक्षा समिति हुनुपर्ने जति जिम्मेवार बन्न नसक्नु

### ३.१.३ उद्देश्यहरू

प्रारम्भिक बालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु नै यस योजनाको समग्र उद्देश्य हो भने विशिष्ट उद्देश्यका रुपमा तपसिल बमोजिम पहिचान गरिएको छ ।

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु,
२. सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु,
३. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु,

### ३.१.४ रणनीति तथा कार्यनीतिहरु

कुनैपनि योजना निर्माणमा उद्दश्य,कार्यनीति र रणनीतिको परस्पर सम्वन्ध रहेको हुन्छ। उद्देश्य प्राप्तिको लागि रणनीति वनाउनु पर्ने हुन्छ भने रणनीतिमा पुग्नको लागि कार्यनीति/कार्यक्रम हुन जरुरी हुन्छ। प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीति तथा कार्यनीति / कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

उद्देश्य,रणनीति र कार्यनीतिः

| उद्देश्य | रणनीति | कार्यनीति/ कार्यक्रम |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित पहुँच र गुणस्तर बढाउनु, | -प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको, बालमैत्री,समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गरीने छ । सबै बालबालिकाहरुलाई सिकाइको समान अवसर प्रदान गर्ने वातावरण निर्माण गरिनेछ । | -बाल विकास कक्षाको हालको अवस्था पहिचान गर्ने,<br>-हालको स्थितिको आधारमा बालविकास कक्षालाई क स्तर, ख स्तर र ग स्तर गरी तीन बर्गमा वर्गीकरण गर्ने,<br>-बिभिन्न बर्गलाई स्तर अनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाउने,<br>-कार्ययोजना अनुसार विभिन्न संस्थाहरूको समेत सहयोग लिई बालविकास कक्षालाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड स्तरमा पुर्याउने,<br>-सुरक्षित, आकर्षक, र बालमैत्री कक्षाकोठा र खेलकुद क्षेत्रको विकास गर्ने,<br>सहजकर्ताहरूको नियमित तालिम र व्यवसायिक विकास कार्यक्रम सञ्चालन गर्ने,<br>बालविकास शिक्षाका कक्षाहरूमा डिजिटल शिक्षण सामग्री र उपकरणहरूको व्यवस्था गर्ने,<br>-समावेशी, समतामूलक, बालबालिकामैत्री शिक्षाका संरचना निर्माण गर्दा सुरक्षित तथा आकर्षण संरचनाको मापदण्ड अनुसार निर्माण र सुधार गर्ने,<br>-गरीब र पिछडिएका समुदायका बालबालिका एवम् विशेष आवश्यकताका बालबालिकालाई आवश्यक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गर्ने,<br>-निजी, गैर सरकारी तथा सरकारी संघसंस्थाहरुसंग सहकार्य गरी बालविकास कार्यक्रमको विस्तार सुदृढीकरण गर्ने,<br>-प्रारम्भिक बालविकास कार्यक्रमहरूको नियमित अनुगमन गर्ने<br>-बालवालिकाको संख्याको आधारमा सहजकर्ता तथा आया व्यवस्थापन गरी केन्द्रको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने । |
| सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु , | अभिभावकहरूलाई पूर्व-प्राथमिक शिक्षाको महत्त्व र फाइदाहरूको बारेमा जानकारी दिन अभियान सञ्चालन गरिने छन्। | -समुदायका अगुवाहरू, समाजसेवीहरू, र स्थानीय सङ्घ संस्थाहरूको सहयोगमा पूर्व-प्राथमिक शिक्षाको महत्वको बारेमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरी समुदायका सबै बालबालिकाहरुलाई बालविकास कक्षामा भर्ना गरिनेछ।<br>- बढाइने ध्यमबाट जनचेतनासामाजिक संजालको माछ।<br>- भर्नाको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिने छ।<br>- अभिभावकहरुको भेला राखी आफ्ना बालबालिकाहरुको सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको वारेमा जानकारी दिइनु साथै अभिभावकले गर्नुपर्ने सहयोगवारे अवगत गराइनेछ। आमावावु विहिन वालवालिककाको लागि सहयोगका कार्यक्रम गरिनेछ । |
| बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, | समुदाय तथा अभिभावकहरूलाई बालविकास शिक्षाको महत्व र अवधारणाको बारेमा बोध गराउनु | बालविकास तथा शिक्षाका बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति/ कार्यक्रम |
|---|---|---|
| संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु | | |

### ३.१.५ उपलब्धि, अपेक्षित नतिजा र प्रमुख क्रियाकलापहरु

**क अपेक्षित नतिजा उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुनेछ ।

**ख अपेक्षित नतिजा**

१. प्रारम्भिक बालविकास र शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
२. प्रारम्भिक बालविकास र शिक्षा उमेरका सबै बालबालिकाहरूलाई अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
३. प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने ।
४. सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन भएको हुने ।
५. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका नमूना विकास हुने ।
६. प्रारम्भिक बालविकास र शिक्षा कार्यान्वयनमा नगरपालिका, परिवार, समुदाय, गै.स.स. र विद्यालयहरू जिम्मेवार हुने ।

प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने । | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने । | पटक | १ | | | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने । | वटा | | १ | २ | १ | २ | ६ | १६ | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता उपलब्धता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने । | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त अर्गानिक दिवा खाजाको व्यवस्था गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने । | वटा | ५ | १० | १० | १० | १० | ४५ | ५६ | |
| १० | सहजकर्ताको योग्यता क्षमता  र पेसागत विकास गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने । | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोगमा जोड दिने । | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था मिलाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने । | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घ संस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | उत्कृष्ट बाल विकास सहजकर्ता प्रोत्साहन कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | सहयोगी (आया) को व्यवस्था गर्ने । | आवश्यकता अनुसार) | | | | | | | | |
| १९ | न्यूनतम मापदण्ड पूरा गरि बालविकास केन्द्रहरूलाई नमुना बालविकासमा केन्द्रको रुपमा सुदृढीकरण गर्ने । | सङ्ख्या | १ | ४ | ५ | ५ | ५ | २० | ५६ | |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताको सेवा तथा सुविधामा वृद्धि गर्ने । | पटक | | | १ | | | १ | २ | |
| २१ | विद्यालय वा समुदायमा आधारित बालउद्यान निर्माण गर्ने | सङ्ख्या | १ | ४ | ५ | ५ | ५ | २० | ५६ | |
| २२ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास कक्षा / केन्द्रको अवलोकन भ्रमण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था, जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको हुने उल्लेख गरेकोछ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई आजीवन र सिकाइको मार्गप्रशस्त गरी राज्यको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ।विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ ।

### ३.२.२ वर्तमान अवस्था

रामेछाप नगरपालिका भित्र ५४ वटा सामुदायिक विद्यालयहरूमध्ये आधारभूत विद्यालय ४१ वटा रहेकोमा ५ कक्षा सम्म सञ्चालित ३४ वटा र ८ कक्षा सम्म सञ्चालित विद्यालयहरू ७ वटा रहेका छन् । प्राथमिक तहमा १७१ र निम्नमाध्यमिक तहमा ५७ गरी आधारभूत तहमा २२८ शिक्षक रहेका छन् । शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा १३६१ र छात्र १२४७ गरी जम्मा २५०८ विद्यार्थी अध्ययनरत छन्, जसमा दलित छात्रा १९१, छात्र १९२ गरी ३८३ जना तथा जनजाती तर्फ छात्रा ८७९, छात्र ८९६ गरी जम्मा १७७५ विद्यार्थीहरु अध्ययनरत रहेका छन् । यस नगरपालिकामा आधारभूत तहको शिक्षक विद्यार्थी अनुपात ११ रहेको छ ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन विगतमा गरिएका प्रयासहरूको अपेक्षित नतिजा स्वरूप नगरभित्र रहेका विद्यालयका कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९६.६ र ९५.७ पुगेको छ । यो राष्ट्रियस्तरको ९५.६ र ९५.१ भन्दा केही बढी हो । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने दर केही देखिन्छन् । आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन् । आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ । कक्षा ८ को टिकाउ दर ८६.३ प्रतिशत रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC-Textbook, Teacher, Toilet, Classroom & Learning Materials/Book Corner) पूरा गरेका विद्यालयहरू करिब ५० प्रतिशत रहेको छ।विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास

तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजा जस्ता सेवाहरूमा थप विस्तार एवम् सुधार गर्नुपर्ने छ । पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोर्याउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित नतिजा सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने वर्तमान अवस्था छ ।

आधारभूत तहमा देहाय बमोजिमका समस्या तथा चुनौतीहरु पहिचान गरिएको छ ।

१. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी  तथा जबाफदेही बनाउनु
२. अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
३. आधारभूत शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्नु
४. बालबालिकालाई सुरक्षित,बालमैत्री तथा सिकाइ अनुकूल वातावरणको व्यवस्था गर्नु
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्ध समेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्नु
७. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु
८. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित पारदर्शी,अपेक्षित नतिजामा आधारित र अनुमान योग्य बनाउनु
९. उच्च सिकाई सक्षमता सहित तह पुरा गर्ने दर कम हुनु
१०. आवश्यकताको आधारमा शिक्षकहरुको वितरण
११. समय अनुकूल शिक्षकहरु शिक्षणविधि, प्रविधि तथा विषयवस्तुसँग अध्यावधिक गराउनु
१२. कुनै कुनै आधारभूत विद्यालयहरुमा भौतिक पूर्वाधारको समस्या
१३. विषयगत (मूलतः अंग्रेजी, गणित, विज्ञान) शिक्षक परिपूर्ति गर्नु
१४. पाठ्यक्रम विद्यालयमा उपलब्ध नहुनु र प्रभावकारी रुपमा कार्यन्वयन नहुनु
१५. तालिममा सिकेको कुरा कक्षा कोठामा कमै मात्रामा कार्यन्वयन गरिनु

### ३.२.३ लक्ष्यः

सबै बालबालिकाहरूका लागि गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चितता गर्ने ।

### ३.२.४ उद्देश्यहरूः

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु मुख्य उद्देश्य रहेको छ । यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य तय गरेको छ ।

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरी उक्त तहको शिक्षालाई निःशुल्क,वेशी बनाउनेअनिवार्य र समा,
२. कक्षामा सिकाईको प्रभावकारी कार्यान्वयनबाट बालबालिकाहरूको सिकाई क्षमता सुधार ल्याउने
३. प्रविधि समावेशी शिक्षणको (Technology-Integrated Teaching) माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशीमैत्री बनाउने,
४. विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक, र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्ने
५. सबै बालबालिकहरूले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,
६. आधारभूत तहका सबै बालबालकाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्नु

### ३.२.४. रणनीति तथा कार्यनीतिहरु

माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरी उक्त तहको शिक्षालाई निःशुल्क, अनिवार्य, र समावेशी बनाउने । | अभिभावक र समुदायलाई शिक्षाको महत्त्वबारे सचेत गराउँदै बालबालिकालाई विद्यालय नियमित पठाउन प्रोत्साहित गरी आफ्ना बालबालिको सिकाइमा रुची क्षमता देखाउन लगाउने । | -आधारभूत तहका बालबालिकाका अभिभावक तथा समुदायका लागि सोही तहका शिक्षक मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ।<br>-प्रेरणादायक वक्ताहरूलाई **(Motivational Speakers)** बोलाएर शिक्षा महत्त्वबारे अभिभावक र समुदायलाई जागरूक बनाइने छ।<br>-विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरिने छ।<br>-विद्यालयमा भइरहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार गरीने व्यवस्था मिलाईने छ। |
| | अपाङ्गता भएका बालबालिकाहरूको लागि समावेशी शिक्षा र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाहरूको लागि छात्रवृत्ति र अन्य सहयोगी कार्यक्रमहरू सञ्चालन गरी आधारभूत शिक्षामा तोकिएका उमेर समुहको पहुँचको सुनिश्चितता गरिने छ। | -विद्यालय भवन र कक्षाहरूमा अपाङ्गमैत्री बनाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्था गरीने छ।<br>- डिजिटल र इ-लर्निङ सामग्रीहरू व्यवस्थापन गरी सबै बालबालिकाहरूलाई सिकाइ क्रियाकलापमा पहुँच योग्य बनाइने छ।<br>- समावेशी शिक्षा प्रवर्धनका लागि शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरूमा तालिम दिइने छ।<br>- आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति तथा अन्य सहायता उपलब्ध गराइने छ। |
| | विद्यालय र समुदाय बीचमा विश्वासको वातारण सृजना गरीने छ। | -विद्यालयका योजनाहरू, नीतिहरू, र प्रगति सम्बन्धी जानकारी समुदायलाई समयमै दिने व्यवस्था गरिने छ।<br>- पारदर्शिता राख्नका लागि विभिन्न संचार माध्यम (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट) को प्रयोग गरिने छ।<br>- अभिभावकहरूलाई शिक्षा र बालबालिकाको भविष्यबीचको |

| | | |
|---|---|---|
| | | सम्बन्धबारे जानकारी दिइने छ ।<br>- विद्यालयमा नियमित उपस्थित अभिभावक र विद्यार्थीहरूलाई पुरस्कृत अथवा सम्मान गर्ने,<br>- शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समिति मार्फत अभिभावकहरूको सुझाव र प्रतिक्रिया लिने प्रणाली विकास गरिने छ । |
| प्रारम्भिक कक्षा (१-३)को प्रभावकारी कार्यान्वयनबाट बालबालिकाहरूको पठन क्षमता सुधार ल्याउने । | -प्रारम्भिक कक्षा (१-३)को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरी विद्यालय भावकअभि ,शिक्षक , तथा समुदायलाई जिम्मेवार वनाईनेछ ।<br>- प्रारम्भिक कक्षा(१-३)को महत्त्वका बारेमा अभिभावक र समुदायलाई सचेत गराई बालबालिकाको पठनमा संलग्नता बढाउने । | - प्रारम्भिक कक्षाको लागि स्पष्ट उद्देश्य र लक्ष्य निर्धारण गरी प्रत्येक कक्षामा हासिल गर्नुपर्ने पठन क्षमता निर्धारण गरी समय समयमा मूल्याङ्कन गरिने छ।<br>-प्रारम्भिक कक्षाको स्थान, समय र आवश्यक डिजिटल तथा सहयोगी सामग्रीहरूको व्यवस्था गरीने छ,<br>-प्रारम्भिक कक्षा (१-३) सम्बन्धित शिक्षकहरूलाई तालिम/प्रशिक्षण दिइने छ।<br>-सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गरी प्रारम्भिक कक्षा पठनलाई प्रभावकारी वनाईने छ।शिक्षकहरुको लागि समेत स्थानीय भाषाको सामान्य ज्ञान भएको हुनेछ ।<br>-- प्रारम्भिक कक्षा (१-३)को महत्त्वका बारेमा अभिभावक र समुदायमा व्यक्तिगत भेटघाट, अभिभावक भेला, न्यूजलेटर, सामाजिक सञ्जाल, तथा वेबसाइट आदिबाट प्रचार प्रसार गरिने छ।<br>- बालबालिकाका लागि पढाई उत्सव तथा प्रतियोगिता सञ्चालन गरिने छ । |

| | | |
|---|---|---|
| पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको (माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउने । | -स्थानीय पाठ्यक्रमर पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गरिने ।<br>- कक्षा कोठामा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाई गुणस्तर सुधार गरिनेछ । | - विद्यार्थीहरूको शैक्षिक स्तर, रुचि, र क्षमता विश्लेषण गर्दै समुदायका सांस्कृतिक, आर्थिक, र सामाजिक आवश्यकताहरूको मूल्यांकन गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई परिमार्जन गर्दै लगिने छ।<br>-राष्ट्रिय पाठ्यक्रम, शिक्षण विधि, र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिने छ।<br>-पाठ्यक्रम सम्बन्धी अनुभवी भएका शिक्षकहरूबाट नव प्रवेशी शिक्षकहरूलाई मेन्टोरिङ्ग र कोचिङ्ग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ भने कमजोर क्षमता भएका वालवालिकाको लागि थप शिक्षण विधी अपनाइनेछ ।<br>- पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइने छ।<br>- विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिने छ।<br>- शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन गर्ने एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ट देखिएका शिक्षकहरूलाई पुरस्कर र सम्मान गरिने छ । |
| | -विद्यालयमा नविनतम् प्रविधिहरुको स्थापना गरी शिक्षण सिकाईलाइ प्रभावकारी वनाइनेछ । | -सबै आधारभूत विद्यालयहरूमा डिजीटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइने छ।<br>-धनहरूको प्रविधि साडिजीटल प्रयोगका बारेमा शिक्षकहरूलाई प्रशिक्षण गरी शिक्षण सिकाइमा प्रविधिहरूको प्रयोगमा दक्ष बनाइनेछ। |
| विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक, र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्ने । | -विद्यार्थीहरूको शारीरिक, मानसिक, र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छन्। | विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी बालमैत्री विद्यालय घोषणा गरि निरन्तरता दिईनेछ।<br>- विद्यालयमा भेदभाव तथा दुर्व्यवहार भएमा तत्काल सोको निराकरणको उपायहरु अवलम्वन गरिनेछ । |
| | विद्यालय सुरक्षा नीति बनाई विद्यार्थीहरूको भावनात्मक, मानसिक र शारीरिक सुरक्षाको सुनिश्चित गर्ने । | सुरक्षा नीतिको अनुसरण गर्न विद्यार्थी समुदाय ,शिक्षक , लयलाई जिम्मेवार बनाईनेथा विद्याअभिभावक तछ । |
| सबै बालबालिकहरूले न्यूनतम सिकाइ उपलब्धि सहित | - विद्यार्थीहरूको प्रगतिको नियमित मूल्यांकन गरी तिनीहरूको कमजोरी पहिचान गरी सुधारात्मक कदम चालिने छ। | -विषयगत, कक्षागत, विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण तथा पृष्ठपोषणका कार्यक्रम संचालन गरिने छ।<br>-नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि |

| | | |
|---|---|---|
| आधारभूत तह पूरा गरेको सुनिश्चित गरि निरन्तर सिकाई उपलब्धि वृद्धि गर्ने । | -आधारभूत तह उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा/ नगर घोषणा गर्दै जाने । | सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने ।<br>- पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाईने छ।<br>-आधारभूत तहको शिक्षालाई निःशुल्क, तथा अनिवार्य सम्बन्धी ऐन नियमलाई कडाइका साथ लागु गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा हुदै नगर घोषणा गरिने छ। |
| | विद्यालयहरू बाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने छ। | -विद्यालयहरूबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्विकृत प्रस्तावना कार्यान्वियनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।<br>-विद्यालयले स्विकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धीको प्रतिवेदन नगरपालिकामा पेश गरिने छ। |

### ३ .५.२. उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

**क. उपलब्धीः**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सतप्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

**ख. मुख्य अपेक्षित नतिजाहरूः**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने,
२. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्री र सक्रिय एवम् उत्प्रेरित शिक्षकको व्यवस्थामार्फत बालमैत्री र समावेशी सिकाइ वातावरणमा सिकाइ हुने ।
३. पौष्टिक र स्वस्थकर अर्गानिक दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले अपेक्षित नतिजा सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने ।
६. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाइलाई सहयोग पुग्ने ।
७. कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाह र सुशासन कायम हुने
८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

९. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
१०. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,

आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | १ | | | | १ | १ | |
| २ | दरबन्दी पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ का छात्रालाई स्यानिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ० | १० | १० | १० | १० | ४० | ५४ | |
| ८ | प्रारम्भिक कक्षाको न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र अर्गानिक दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यपुस्तक समयमा नै व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | शैक्षिक सूचना प्रणाली व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | | १० | १० | १० | १० | ४० | ५४ | |
| २१ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | | १० | १० | १० | १० | ४० | ५४ | |
| २२ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |
| २३ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ४० | |
| २४ | विद्यालयमा बाल क्लव र खेलकुद क्लब गठन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ५४ | |
| २५ | प्रेरणादायक (Motivational Speaker ) वक्ता मार्फत विद्यार्थी तथा अभिभावकका लागि सेमिनार कार्यक्रम सञ्चालन (वडास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २६ | शैक्षिक अवलोकन भ्रमण (विज्ञान र प्रविधिको ज्ञान समेट्ने, जस्तैः हाइड्रो प्लान्ट, आई टी पार्क, सर्भर प्लान्ट) आदी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | बाल समूह गठन/बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २८ | स्वस्थकर दिवा खाजा कार्यक्रम | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

# ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गर्नुका साथै विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ । कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य-मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ ।

### ३.३.२ वर्तमान अवस्था

यस रामेछाप नगरपालिका भित्र साधारण धारका १३ वटा सामुदायिक माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन् । १२ कक्षा सम्म सञ्चालित ७ वटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार कक्षा ९-१० मा ६६९ जना र कक्षा ११-१२ मा ४१३ विद्यार्थी मध्ये दलित विद्यार्थी क्रमश: ९० र ५१ जना रहेका छन् । छात्रा सहभागिता क्रमश: ५२ र ५८ प्रतिशत रहेको देखिन्छ । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ । कक्षा ९-१२ को खुद भर्नादर ५६.१ पुगेको देखिएको छ । विशेष गरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् ।

सामुदायिक विद्यालयको कक्षा ९-१० मा शिक्षक ६५ जना र कक्षा ११-१२ मा १४ मा शिक्षकहरू कार्यरत छन् । कक्षा ९ र १० तथा ११-१२ मा शिक्षक अपर्याप्त छन्। यसले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको अपेक्षित नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धी हासिल गर्न नसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ ज्ञान, सीप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार गर्न जरूरी देखिन्छ ।

नगरपालिकामा शिक्षाका कर्मचारी व्यवस्था भएपनि प्रशासनिक कार्य कै बोझ बढी भएकोले विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली कमजोर देखिएको छ । वर्तमान संरचना शिक्षकको पेसागत सहयोग गर्ने कार्यमा पर्याप्त छैन । नगरपालिकाको वर्तमान अवस्था विश्लेषण गर्दा निम्नानुसारका समस्याहरु विद्यमान देखिन्छन् ।

१. माध्यामिक शिक्षा पूर्णरुपमा निःशुल्क हुन नसकेको ।
२. विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था हुन नसकेको ।
३. गणित विज्ञान तथा अंग्रेजी विषयको शिक्षकको विज्ञापनमा उमेद्वार नै नपाउने समस्या रहेको ।
४. विद्यार्थी, विद्यालय र शिक्षक अनुपात मिलाउन नसकिएको ।
५. शैक्षिक उपलब्धि वृद्धि कम भएको ।
६. प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्न नसकिएको ।
७. केहि विद्यालयमा विज्ञान प्रयोगशाला ICT कक्षा, बुक कर्नर पर्याप्त नभएको ।
८. केहि विद्यालयमा कक्षा व्यवस्थापन प्रभावकारी हुन नसकेको ।
९. विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप कम प्रभावकारी भएको ।
१०. विषय शिक्षक प्रोत्साहन कार्यक्रम लागु नभएको ।
११. विषयगत दरबन्दी व्यवस्था नभएकोले नीजि श्रोतवाट शिक्षक राख्दा विद्यालयलाइ आर्थिक भार वढेको ।

रामेछाप नगरपालिकाको वर्तमान अवस्था र मौजुदा व्यवस्थाको विश्लेषण गर्दा निम्नानुसारका अन्तर **(Gap)** देखिन्छन् ।

१. निःशुल्क माध्यामिक शिक्षा पूर्ण रुपमा लागु हुन नसकेको ।
२. वार्षिक कार्य योजना, वार्षिक कार्यपात्रो कार्यान्वयन हुन नसकेको।
३. प्रोत्साहन कार्यक्रमलाई सिकाइ उपलब्धिसँग जोड्न नसकेको ।
४. केहि विद्यालयमा बालमैत्री संरचना, अपाङ्गमैत्री संरचना निर्माण हुन नसकेको ।
५. पाठ्यक्रम, शिक्षक निर्देशिका थोरैले मात्र प्रयोगमा ल्याउन सकिएको ।
६. कक्षा ११ र १२ मा विद्यार्थी नियमित गराउन नसकिएको ।
७. विद्यार्थीको रुची अनुसारको प्राविधिक शिक्षा नहुँदा +२ मा वढ्न वाहिर जाने क्रम वढेको ।
८. आन्तरिक मूल्याङ्कन तथा प्रयोगात्मक कार्यको २५ प्रतिशत अङ्कभारको मूल्याङ्कन मापदण्ड अनुसार प्रयोगमा ल्याउन नसकिएको ।
९. उपलब्ध शैक्षिक सामाग्रीहरुको अर्थपूर्ण प्रयोग गर्न कमले मात्र सकेको ।

१०. प्रयाप्त शिक्षकहरु भएका विद्यालयहरुमा पनि आफ्नो जिम्मेवारी बोध नहुदा सिकाई उपलब्धि न्यून रहेको ।

११. कक्षा ११ र १२ मा विज्ञान बिषयप्रति आकर्षण बढाउने कार्यको व्यवस्थापन गर्न नसकेको ।

१२. पालिकाको प्राथमिकतामा कक्षा ११ र १२ मा विज्ञान विषय नपरेको ।

### ३.३.३ उद्देश्यहरु

१. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु,
२. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु,
४. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

### ३.३.४ रणनीतिहरु तथा कार्यनीतिहरु

देखिएका समस्याहरु समाधान गर्दै उदेश्यहरु पुरा गर्न देहाय अनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु कार्यान्वयनमा लयाइनेछ।

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने । | -न अवसर प्रदान सबै विद्यार्थीलाई समा विद्यालयमा निष्पक्ष प्रवेश प्रणाली गर्न लागू गरिनेछ । | -विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूमा उनीहरूको लिङ्ग, जात तथा अपाङ्गता आदिको आधारमा कुनै भेदभाव नगरी विद्यालयमा भर्ना गरीने वातावरण तयार गरिनेछ । |
| | -शिक्षक, विद्यार्थी, र अभिभावकबीच सकारात्मक र सहयोगी सम्बन्ध निर्माण गरिनेछ । | -विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरी एक आपसमा विचार आदान प्रदान गरिनेछ ।<br>-विद्यालयमा भै रहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट आदि) गरीने व्यवस्था मिलाईने छ । |
| | विद्यालयका भवन, कक्षाकोठा, शौचालय तथा अन्य भौतिक सुविधाहरू अपाङ्गमैत्री, लैगिङ्क मैत्री, बालमैत्री अनुकुल हुने गरी सुधार तथा निर्माण गरिनेछ । | -विद्यालयको भवन, कक्षाकोठा, शौचालय तथा अन्य सुविधाहरूलाई अपाङ्गमैत्री, लैगिङ्क मैत्री एवम् बालमैत्री बनाउनका लागि सम्बन्धित विद्यार्थीहरूको समेत सल्लाह लिइ उक्त सुविधाहरूको डिजाइन, निर्माण र सुधार गरिनेछ । |
| | -शिक्षक र विद्यालय कर्मचारीहरूलाई तथा बालमैत्री शिक्षण विधि समावेशी पहरूमा नियमित तालिम तथा क्रियाकला दिइनेछ । | -शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी क्रियाकलापहरूमा तथा शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरू, विविधतालाई सम्बोधन गर्ने गरी बालमैत्री तथा अपाङ्गमैत्री तालिम प्रदान गरिनेछ ।<br>- खेल, समूह कार्य, र सहभागितामूलक शिक्षण विधिहरू प्रयोग गरी सिकाइलाई रमाइलो र आकर्षक बनाइने छ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | -शारीरिक, मानसिक, र भावनात्मक रूपमा सुरक्षित र सहयोगी विद्यालय वातावरण बनाइने छ। | विद्यालयमा हुन सक्ने सबै प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिनेछ । |
| | गरीब र असमर्थ समुदायहरूका विद्यार्थीहरूको लागि आर्थिक अथवा भौतिक सहयोग उपलब्ध गराईनेछ। | -आर्थिक रुपमा असमर्थ विद्यार्थीहरूलाई वित्तीय सहायता उपलब्ध गराइनेछ ।<br>-गरीब र असमर्थ विद्यार्थीहरूलाई विभिन्न सङ्घ संस्थाहरूको समेत सहयोग लिई विविध शैक्षिक सामग्री (कापि, किताब, सन्दर्भ सामग्री, कम्प्युटर, आदि) र अन्य भौतिक सुविधा प्रदान गरिनेछ ।<br>-विद्यालयमा अभिभावक दिवस, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरूमा विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि शुल्क नलिइ निशुल्क माध्यमिक शिक्षा प्रदान गरी रहेको भनि स्वघोषणाको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>-निजी क्षेत्र र गैर-सरकारी संस्थाहरूसँग सहकार्य गरी अतिरिक्त स्रोतहरूको व्यवस्था गरिनेछ ।<br>-निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित निगरानी र मूल्यांकन गरिनेछ । |
| माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक (Equitable) पहुँच तथा सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु । | विद्यालयमा लिङ्ग ,जात जाति धर्म , अपाङ्गता भएका विद्यार्थीहरूका लागि समतामूलक (Equitable) पहुँचको लागि समानता (Equity) र सहिष्णुताको वातावरण सुनिश्चित गरिनेछ। | -शैक्षिक रूपमा पछाडि परेका विद्यार्थीहरूलाई अतिरिक्त कक्षा वा ट्युटरिङ सेवा प्रदान गरिनेछ,<br>-विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आवश्यक सुविधा र सहयोग व्यवस्था गरिनेछ,<br>-छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू जस्तै प्रोजेक्ट कार्य, कार्यशाला, वादविवाद प्रतियोगिता, अन्य शैक्षिक गतिविधि, सांस्कृतिक प्रदर्शनी, नाटक, नृत्य, र संगीत मिश्रित खेल टोली, फिटनेस कार्यक्रम र खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| | -कक्षा कोठामा पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाईनेछ, | -नयाँ पाठ्यक्रम, शिक्षण विधि, र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिने छ ।<br>-पाठ्यक्रम सम्बन्धी अनुभवि भएका शिक्षकहरूबाट नयाँ शिक्षकहरूलाई मेन्टोरिङ्ग र कोचिङ्ग कार्यक्रम सञ्चालन गर्ने<br>-पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ ।<br>-विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>-शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्यांकन एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ट देखिएका |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | शिक्षकहरूलाई पुरस्कार र सम्मान गरिनेछ । |
| | -वर्तमान नविनम शैक्षणिक प्रविधि र डिजिटल शिक्षण सामग्रीहरूको व्यवस्थापन तथा प्रयोग गरेर शिक्षाको गुणस्तर सुधार गरिनेछ। | -सबै माध्यमिक विद्यालयहरूमा डिजीटल प्रविधि, प्रयोगशाला, इ-पुस्तकालय र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइनेछ ।<br>-नगरपालिका भित्र एक वडा एक स्मार्ट विद्यालय स्थापना गरी मूल्यांकन प्रणालीलाई समेत अनलाईन गरिनेछ ।<br>-विद्यालयहरूमा स्मार्टबोर्ड, कम्प्युटर, द्रुत गतिको इन्टरनेट जस्ता डिजिटल उपकरण तथा सफ्टवेयरहरू स्थापना तथा प्रदान गरीने छन्,<br>-अनलाइन प्लेटफर्ममा पाठ्यक्रम सामग्री, भिडियो लेक्चर, र इ-बुकहरू उपलब्ध गराइने छन् ।<br>-शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम दिइनेछ।<br>-डिजिटल साक्षरता सम्बन्धी शिक्षक, अभिभावक, विद्यार्थी तथा सामाजिक अगुवा र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने । |
| | STEAM Education लाई सिकाइ रणनीतिकारूपमा कार्यान्वयन गरीने छ। | - STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम दिईउक्त शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ,<br>- विशेगरी STEAM संग सम्बन्धित विषयहरूमा विषयगत प्रयोगशाला स्थापना गरी प्रयोगशालाहरूलाई प्रभावकारी रुपमा संचालन गर्न विद्यालयहरूलाई जिम्मेवार वनाईने छ,<br>- STEAM Education सम्बन्धी नगरस्तरीय प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिनेछ । |
| सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु । | -प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकताअनुसार व्यक्तिगत शिक्षण योजना (IEP) तयार गर्ने । | -विद्यार्थीको शैक्षिक आवश्यकता, क्षमता, र रुचिहरू पहिचान गर्न प्रारम्भिक मूल्यांकन गर्ने .<br>-शिक्षक र अन्य शिक्षण सहायकहरूको समन्वयमा IEP तयार गर्ने ।<br>- IEP को प्रभावकारिता सुनिश्चित गर्न नियमित रूपमा समीक्षा गर्ने र आवश्यकतानुसार परिमार्जन गर्ने ।<br>-विद्यार्थीको विशेष आवश्यकताहरू पूरा गर्न उपयुक्त शैक्षिक साधन र स्रोतहरूको व्यवस्था गर्ने । |
| | विद्यार्थीहरूको प्रगति नियमित रूपमा मूल्यांकन गर्ने र तत्काल सुधारात्मक कदमहरू उठाउइने छन्। | -विद्यालयगत र पालिकागत सिकाइ, कक्षागत, विषयगत उपलब्धी निर्माण तथा विश्लेषण र पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>-पृष्टपोषणका आधारमा सुधारका लागि शिक्षक र विद्यार्थीहरुलाई जिम्मेवार बनाइनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका लागि नवप्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । | -विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका गर्न नवप्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।<br>-विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितिमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम् सिकाइ उपलब्धी सम्बन्धीको प्रतिवेदन नगरपालिकामा पेश गरिनेछ । |

**उपलब्धी, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्षहरु**

**क.उपलब्धी**

निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन तथा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने

**ख. अपेक्षित नतिजा**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई सिकाइ उपलब्धी स्तर, खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
५. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धी हासिल गरेको हुने,
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धीमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
७. माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
९. माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने,

माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानून, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | | २ | २ | २ | २ | ८ | १३ | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | वि.व्य.स, शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | | १ | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २ | २ | २ | २ | २ | १० | १३ | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक वितरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग र छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ३५० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १ | ३ | ३ | ३ | ३ | १३ | १३ | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | १ | ३ | ३ | ३ | ३ | १३ | १३ | |
| १४ | सिक्दै कमाउदै कार्यक्रम व्यवस्थापन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |
| १५ | बुक फ्री फ्राइडे (पुस्तकरहित शुक्रकार) व्यवस्थापन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |

## ३.४.प्राविधिक शिक्षा तथा व्यवसायिक  तालिम

### ३.४.१ परिचय

सीपयुक्त जनशक्ति नै देश विकासका मूल आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यमस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न वि.सं. २०३७ मा प्राविधिक शिक्षालय योजना लागू भई जुम्लामा सर्वप्रथम कर्णाली प्राविधिक शिक्षालयको स्थापना भएको थियो । तत् पश्चात लहान प्राविधिक शिक्षालय, सिराहा, उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा, जिरी प्राविधिक शिक्षालय, दोलखा क्रमशः स्थापना भएको पाइन्छ । प्राविधिक शिक्षालय योजना कार्यान्वयन सम्बन्धी नीतिगत मार्गदर्शनका लागि वि.सं. २०३९ मा राष्ट्रिय शिक्षा समिति अन्तर्गत रहने गरी राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम समिति गठन भयो । देशका विभिन्न स्थानमा स्थापना भएका प्राविधिक शिक्षालयहरूको व्यवस्थापन एवं प्रशासनिक कामकाजका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा निर्देशनालय गठन भयो । प्राविधिक तथा व्यवसायिक शिक्षा पद्धतिको समग्र विकासका लागि समन्वय र सहजीकरण गर्न छुट्टै निकायको आवश्यकता महसुस भयो । आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, सीपको स्तरनिर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (TVET) प्रदायक निकायहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका कार्यक्रमहरुको बिस्तार गर्ने मूल उद्देश्यका साथ प्राविधिक शिक्षातथा व्यवसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना भएको हो ।

सीपयुक्त जनशक्ति मार्फत एकातिर राष्ट्रको विकास सम्भव छ भने अर्कोतिर  रोजगारी, स्वरोजगारी र आयआर्जनका दृष्टीले समेत प्राविधिक जनशक्तिको भूमिका अग्र स्थानमा देखिन्छ । विकासका लागि साधारण र प्राविधिक जनशक्तिकाबीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातीका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, ओभरसियर, इन्जिनियरिड, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार गर्दै श्रम बजार सँग आबद्ध गर्नुपर्ने देखिन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरेको छ र कक्षा ९ देखि १२ सम्म ५ वटा विधामा कक्षा

सञ्चालन भइरेहेको छ । कम्तिमा सबै स्थानीय तहमा एउटा प्राविधिक धार अन्तर्गतको विद्यालय शिक्षा व्यवस्था गर्ने नेपाल सरकारको नीतिगत प्रतिबद्धता रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत ६५ वटा आङ्गिक शिक्षालय, ५२ वटा साझेदारी स्वरुपमा सञ्चालनमा रहेका शिक्षालय, ६३६ वटा प्राविधिक शिक्षा संचालन गर्न सामुदायिक विद्यालय ४२९ वटा सम्बन्धन प्राप्त निजी शिक्षालयहरु र १,५६० वटा छोटो अवधिको तालिम सञ्चालन गर्न स्वीकृति लिएका निजी तालिम प्रदायक संस्थाहरु मार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका कार्यक्रमहरु सञ्चालन भैरहेका छन् ।

यस नगरपालिकामा विद्यालय तहको शैक्षिक कार्यक्रम अन्तर्गतत १ विद्यालयमा कक्षा ९ देखि १२ प्राविधिक धारको विद्यालय सञ्चालन भइरहेकोछ । यस नगरपालिकाको साँघुटारमा १ वटा पशु स्वास्थ्य विज्ञान विषयको माध्यमिक शिक्षा कार्यक्रम सञ्चालनमा छ र कक्षा ९ -१२ मा २३ छात्रा र ४७ छात्र गरी जम्मा ७० जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका सन्दर्भमा भएका नीतिगत, संस्थागत, कार्यक्रमिक व्यवस्थाका बाबजुत वर्तमान अवस्थाको बिश्लेषण गर्दा देहायका अवस्था देखिन्छ ।

१. प्राविधिक शिक्षा तर्फ अभिभावकको चासो भएता पनि विद्यार्थीमा रुचि, क्षमता नहुनाले कोटा पूरा हुन नसक्नु
२. कक्षा ९-१२ मा कठिन पाठ्यक्रम भएकोले मध्यम तथा सामान्य सिकाइ क्षमता भएका बालबालिकाहरु भर्ना हुन कठिन भएको ।
३. दक्ष प्रशिक्षकहरुको अभावमा अपेक्षित नतिजा उपलब्धी हासिल गर्न कठिन ।
४. सरकारले निर्धारण गरेको तलब भत्तामा प्रशिक्षक उपलब्ध नहुनु ।
५. प्राविधिक शिक्षा बढी प्रयोगात्मक क्रियाकलापमूखी हुनु पर्नेमा सैद्धान्तिक भएको ।
६. दीर्घकालिन सञ्चालन (व्यवस्थापन) का लागि आर्थिक सुनिश्चितता नहुनु ।
७. विद्यार्थीको रुचि र आवश्यकता अनुरुपका विषयहरु उपलब्ध नहुनु ।
८. प्राविधिक धारको विद्यालयमा रहेका ल्याव तथा फर्मको प्रभावकारी प्रयोग नहुनु ।

### ३.४.३ उद्देश्यहरु

१. प्राविधिक तथा व्यवसायिक सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु ।
३. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसरलाई सान्दर्भिक र गुणस्तरीय बनाउनु ।

४. प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु ।
५. पढ्दै कमाउदै कार्यक्रम एवम् विद्यालय आय आर्जन कार्यक्रमको माध्यमवाट विद्यार्थीको सिकाई आवश्यकता सम्वोधन गर्नु ।
६. निर्वाहमुखी कृषि उपजलाई व्यवसायिक कृषि उपजमा रुपान्तरण गर्न सवै आ.वि. र मा.वि.मा पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्नु ।
७. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीहरुको घरका कृषि उपजलाई दिवा खाजाका लागि उपयोग गर्नु
८. स्थानीय विज्ञलाई वुक फ्रि डे का लागि आमन्त्रण गरी विद्यालय र विद्यार्थीहरुले रैथाने ज्ञान र सीप हासिल गर्नु ।
९. माध्यमिक तह / आधारभूत तह विद्यालयहरुका लागि "एक विद्यालय , एक करेसावारी" अभियान सञ्चालन गर्नु ।
१०. आधारभूत कक्षा (१-५) विद्यालयका लागि "एक विद्यालय, एक फूलवारी" अभियान सञ्चालन गर्नु ।

### ३.४.४ रणनीतिहरु तथा कार्यनीतिहरु

१. स्थानीय तहमा प्राविधिक र व्यवसायिक शिक्षाको अध्ययनको अवसर सिर्जना गर्ने ।
२. स्वरोजगार एवम् आयआर्जनका केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने ।
३. सिटिईभिटीवाट सञ्चालित सःशुल्क एनेक्स कार्यक्रमको विकल्पमा निःशुल्क प्राविधिक धार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
४. प्राविधिकधार तर्फको शैक्षिक कार्यक्रमको लागि विद्यालयले प्रस्तावना पत्र तयार गर्न र पालिकाको सिफारिस सहित माग गर्ने ।
५. वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा क्लष्टर वनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने ।
६. प्रत्येक वडाका विद्यालयहरुमा वुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने ।
७. प्रत्येक वडामा एक विद्यालय एक करेशावारी अभियान सञ्चालन गर्ने ।
८. प्रत्येक वडामा एक विद्यालय एक फूलवारी अभियान सञ्चालन गर्ने ।
९. पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (वीउपूंजी) अनुदान उपलब्ध गर्ने ।
११. पढ्दै कमाउदै कार्यक्रमका लागि पालिका भित्रका शिक्षा, कृषि / पशु विकास शाखासंग समन्वयमा आमन्त्रित स्थानीय विज्ञ सहित एउटा प्राविधिक सहजीकरण समिति गठन र कार्यक्रम सहजीकरणका लागि परिचालन गर्ने ।

### ३.४.५. उपलब्धि, अपेक्षित नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य

#### क. अपेक्षित नतिजा उपलब्धि

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम मार्फत सीपयुक्त जनशक्तिको उत्पादन भई उत्पादन, उत्पादकत्व, रोजगारी तथा स्वोरोजगारी मार्फत जीवनस्तरमा सुधार हुनेछ ।

१. विद्यार्थीहरुमा रोजगारी,उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।
२. विद्यार्थीहरुमा काम गरि खाने शिक्षा सहित जीवनपयोगी सीप एवम् व्यवहार कुशलसीप हासिल भई स्वरोजगार भएको हुनेछ ।
३. विद्यार्थी एवम घर परिवारका सदस्यको आर्थिक सामाजिक रुपमा जीवनस्तर सुधार हुनेछ ।
४. स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणीकरण हुनेछ ।
५. विशेष गरी कृषि तथा भेटनरी व्यवसाय अन्तरगतका कृयाकलाप संचालन भई कृषकहरुलाई सेवामा पहुँच भएको हुनेछ ।

#### ख. अपेक्षित नतिजा

१. थप बहुप्राविधक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको सञ्चालन हुने ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने ।
३. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने ।
४. परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन हुने ।
५. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने ।
६. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने ।
७. उत्पादनशील, रोजगारी, स्व—रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।
८. आफ्नै घर आंगनमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको अवसर प्राप्त हुने ।
९. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाई सामग्रीको खांचो पुरा हुने ।
१०. पढ्दै कमाउदै कार्यक्रमवाट आम्दानी र खर्चको आधारमा वचत गर्ने वानीको विकास हुनेछ।
११. घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय वजार भई घरायसी दैनिक समस्याको समाधान हुने र वजारसंगको सम्वन्ध विस्तार हुने ।
१२. प्रत्येक माध्यमिक विद्यालयमा करेशावारी तयार भएको हुनेछ ।
१३. पढ्दै कमाउदै कार्यक्रमको लागि पालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति गठन हुनेछ ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | | | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा (बाली विज्ञान, पशु विज्ञान, सिभिल इञ्जिनियरिङ इत्यादि) कार्यक्रम सञ्चालन | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | प्राविधिक र व्यवसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ८ | बहुप्राविधिक विद्यालय स्थापना | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ९ | सीप विकास तालिम | पटक | | २ | २ | २ | २ | ८ | १६ | |

# ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

## ३.५.१. परिचय

मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र  प्रकृयाको प्रशोधन गर्ने औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिरको जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।यो कार्यक्रमको मूख्य लाभग्राही भनेको जेष्ठ उमेर समूहको जो औपचारीक शिक्षावाट वञ्चितीकरणमा परेकाहरु हुनेछ ।

## ३.६.२. वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वाचनालय, पुस्तकालय, Digital literacy, वैकल्पिक शिक्षा, खुल्ला सिकाइको व्यवस्थापन गर्ने क्षेत्राधिकार स्थानीय सरकारलाई प्रदान गरेकोछ।औपचारिक सिकाइको पहुँच बाहिर रहेका व्यक्तिलाई जीवन पर्यन्त सिकाइको लागि सामुदायिक सिकाइ केन्द्र स्थापना गरी साक्षरता तथा निरन्तर सिकाईको अवसर प्रदान गर्ने व्यवस्था भएको छ । यस रामेछाप नगरपालिकामा १० वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्, जसमध्ये हाल ९ सामुदायिक सिकाइ केन्द्र सन्चालनमा छन् ।

सामुदायिक सिकाइ केन्द्रले साक्षरता तथा निरन्तर सिकाइका अवसरहरु प्रदान गर्न विविध कार्यहरु सञ्चालन गरेको छ । समूह गठन गरी जीविकोपार्जनका लागि आर्थिक लगानी गरी चक्रीय प्रणालीमा व्यवसाय सञ्चालन गर्न सकिने अवस्था रहेको छ । रामेछाप नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएसँगै रामेछाप जिल्लालाई वि. सं. २०७३ सालमा ३१ औं साक्षर जिल्ला घोषणा गरिएको छ । सामुदायिक सिकाइ केन्द्रमा कर्मचारीको व्यवस्था गरी गाउँ वस्तीमा सरसफाइ अभियान र अभिभावक सचेतनामूलक कार्यक्रमहरु, जागरण, साक्षरता, सीपमूलक कार्यक्रम सामुदायिक सिकाइ केन्द्र मार्फत गरी ज्ञानमा आधारित समाज तथा अर्थतन्त्र निर्माण गर्न सकिन्छ ।

रामेछाप नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका सन्दर्भमा देहायका अन्तर देखिन्छनः

१. पूर्ण साक्षरता न.पा. घोषणा भएको भएपनि जेष्ठ उमेर समूहका नागरिकहरु अझै औठाछाप रहेको ५ र पूर्ण साक्षरता दर कायम राख्न निरन्तर शिक्षाका  थप विशेष कार्यक्रम नभएको ।
२. वाचनालय, पुस्तकालय, वैकल्पिक शिक्षा तथा खुल्ला सिकाइको व्यवस्था नभएको ।
३. Digital Literaccy का  सान्दर्भिक कार्यक्रमहरु नरहेको ।

४. सामुदायिक सिकाई केन्द्रहरुले आफ्नो TOR अनुसार नियमित कार्यक्रमहरु सञ्चालन गर्न सके नसकेको वारे गहिरो अध्ययन हुन नसकेको ।

५. अनौपचारिक शिक्षाले जीविकोपार्जनमैत्री ज्ञान तथा सीप दिन आवश्यक वातावरण नभएको ।

### ३.५.३ उद्देश्यहरु

१. सबै पालिका वासीका लागि साक्षरता कक्षा निरन्तर शिक्षा र आजीवन सिकाईको अवसर र पहुँच सुनिश्चित गर्नु ।

२. पालिका भित्र रहेका रैथाने ज्ञान, सीप र सिकाई अनुभवको पहिचान र परिचालन गर्नु ।

३. तह पुरा नगरेका र वीचमा कक्षा छाडेका बालवालिका पहिचान गरी रुची र क्षमता अनुसारको सीपको कक्षा सञ्चालन गर्नु ।

४. एक पालिका एक नमूना सिकाई केन्द्र स्थापना गर्नु ।

५. दिदी वहिनी र आमाहरुलाई स्वरोजगार केन्द्रित ज्ञान र सीप प्रदान गर्नु ।

६. नवसाक्षरहरुलाई जीविकोपार्जनका गतिविधिहरुमा सहभागितामा वृद्धि गर्नु ।

७. बालबालिकाको सिकाईका लागि अभिभावकहरुको सचेतनामा सुधार ल्याउनु ।

८. सामुदायिक सिकाई केन्द्रलाई वडास्तरमा सूचना केन्द्रको रुपमा विकास गर्नु ।

९. निरक्षर पालिकावासीको पहिचान र साक्षरता कक्षा सञ्चालन गर्नु ।

१०. निरक्षर नागरिकहरुले सीपवाट उत्पादन भएका उपजहरुको वजारीकरणमा सहयोग गर्नु ।

### ३.५.४ रणनीतिहरु तथा कार्यनीतिहरु

१. "एक वडा, एक सामुदायिक सिकाई केन्द्र" अभियान सञ्चालन गर्ने ।

२. "एक पालिका, एक नमुना सामुदायिक सिकाई केन्द्र" स्थापना गर्ने .।

३. सामुदायिक सिकाई केन्द्रको सवलीकरणका गर्न गैर सरकारी संस्थासंग समन्वय र सहकार्य गर्ने ।

४. सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक सूचना केन्द्रको रुपमा विकास गर्ने ।

५. विद्यालय बाहिर रहेका बालबालिका र कक्षा छाड्ने बालबालिकाको पहिचान र विद्यालय भर्ना प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने सो नसके सीप तालिमको व्यवस्था गरी स्वरोजगार वनाउने ।

६. पालिकाभित्र रहेका निरक्षरहरु पहिचान र उनीहरुका लागि साधरण साक्षरता कक्षा र डिजिटल साक्षरता कक्षा सञ्चालन गर्ने ।

७. नवसाक्षरहरुका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

८. सामुदायिक सिकाई केन्द्रलाई आयमूलक एवम् आजीवन सिकाई केन्द्रको रुपमा विकास गर्ने ।

९. समुदाय भित्रका जेष्ठनागरिकहरुको श्रम र सीपको पहिचान र सोको सम्मान गर्ने वातावरण विकास गर्ने ।

### ३.५.५उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

सबैका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइ तथा सीपमा आधारित कक्षा सुनिश्चित हुने ।

**ख अपेक्षित नतिजा**

१. विद्यालय बाहिर रहेका वा प्रवेश विहिन बालबालिकाहरुले साक्षरता कक्षाको अवसर प्राप्त गरेका हुनेछन् सो हुन नसकेमा सीप तालिम दिई स्वरोजगार भएको हुनेछ ।
२. बीचमा कक्षा छाडेका बालवालिकाहरु पुनः विद्यालय भर्ना भएका हुनेछन् ।
३. निरक्षर रहेका पालिकावासीहरुले साक्षरता कक्षाको माध्यमवाट साक्षर हुनेछन् ।
४. पालिकामा एक नमूना सामुदायिक सिकाई केन्द्र स्थापना भएको हुनेछ ।
५. नव साक्षरहरुमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान र सीप उपलब्ध हुनेछ ।
६. सञ्चालित सामुदायिक सिकाई केन्द्र सवलीकरण भएको हुनेछ र गर्नु पर्ने कामको स्पष्ट खाका तयार हुनेछ।
७. नवसाक्षरहरुले आय आर्जन सम्बन्धी ज्ञान सीप प्राप्त गर्नेछन् ।
८. सामुदायिक सिकाई केन्द्र सामुदायिक सूचना केन्द्रको रुपमा स्थापित हुनेछन् ।
९. समाजमा सम्पूर्ण नागरिकहरु साक्षर हुनेछन् ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाई केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक सिकाई केन्द्रमा सूचना तथा सञ्चार प्रविधिमैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | | | | १ | १ | |
| ५ | कम्तिमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | वटा | | १ | १ | | | २ | ४ | सङ्घ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १० | साक्षरता प्रबर्धनका लागि सीपमूलक तालिम सञ्चालन | पटक | ० | २ | २ | २ | २ | ८ | १६ | |

# परिच्छेद ४. अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु

समतामूलक पहुँच तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा सरसफाई, आपतकालीन तथा विपदमा शिक्षा, भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि जस्ता अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । परिच्छेद तीनका क्षेत्रहरूमा समेत यी अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूका बारेमा समावेश गरिएको भए पनि यी अन्तरसम्बन्धित विषयहरूलाई अलग्गै विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न क्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको हो । यसमा उल्लेखित प्रत्येक विषयको अवधारणा, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ । यसमा ती विषयको उद्देश्य, अपेक्षित नतिजा अपेक्षित नतिजा तथा योजना अवधिभरमा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू समावेश गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शैक्षिक प्रणालीको मेरुदण्डको रुपमा रहेको हुन्छ। विद्यालय शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने कार्य सङ्घीय सरकारको तथा राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने/गराउने दायित्व स्थानीय सरकारको रहेको छ भने स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय तहमै रहेको छ । कुन कक्षा र कुन तहमा के के सिकाउने,केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित नतिजा सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ । मानवीय आवश्यकता,बालबालिकाका रूचि,चाहना, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकसित ज्ञान,सीप र प्रविधि अनुकूल पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाका रूपमा लिन सकिन्छ

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन शुरू भइ शै.स. २०८० सम्ममा  पाठ्यक्रम कार्यान्वयन योजना अनुसार सबै कक्षामा कार्यान्वयन भैरहेको छ । पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकुशल र जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरी सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने गरी एकीकृत पाठ्यक्रमको व्यवस्था गरिएको छ ।

विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Hour)मा निर्धारण गरिएको छ । विद्यार्थी मूल्याङ्कनको अपेक्षित नतिजालाई अक्षराङ्कन पद्धतिमा आधारित गरी व्याख्या गर्ने व्यवस्था छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार आधारभूत तह कक्षा १-३,४-५ र ६-८ लाई तह १,२ र ३ तथा माध्यमिक तहका ९-१० र ११-१२ लाई तह ४ र ५ गरी ५ वटा सिकाइ क्षमता स्तरमा विभाजन गरिएको छ ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्नअङ्गको रूपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको निमित्त प्रमुख समस्याको रूपमा रहिआएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति (Liberal Promotion Policy)लाई विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने मात्रको बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन । त्रैमासिक,अर्धवार्षिक र वार्षिक लिखित परीक्षाजस्ता औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था,केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ,अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार अपेक्षित नतिजा प्रकाशन गर्ने परिपाटीको शुरूवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन । तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षालगायत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ । कक्षा ८, १० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने आवश्यक छ।विद्यालयमा आधारित मूल्याङ्कनको अपेक्षित नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ,व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन । जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित छ।

कक्षा १—३ मा एकीकृत पाठ्यक्रम,आधारभूत तह ४—५, ६—८ ,(कक्षा ९—१० र ११ —१२) माध्यामिक तहमा समेत सक्षमतामा आधारित पाठ्यक्रम विषयगत पाठ्यक्रमको व्यवस्था रहेको छ। आधारभूत तह (कक्षा१—८) मा स्थानीय पाठ्यक्रम वा मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था छ भने विभिन्न डिजिटल साम्रगीहरु, Learning PortalCEHRD, CDC को Website मा उपलब्ध छन् ।

परियोजना कार्य जस्ता बाल केन्द्रित क्रियाकलाप तथा गरेर सिक्ने क्रियाकलापमा पाठ्यक्रमले जोड दिएको छ। निर्माणात्मक तथा निर्णयात्मक दुबै प्रकारका मूल्याङ्न पद्धतिको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गरिने व्यवस्था रहेको छ।कक्षा १ देखि ८ सम्म निरन्तर विद्यार्थी मूल्यांकन र कक्षा १ देखि १२ सम्म लेटर ग्रेडिङ प्रणाली कार्यान्वयनमा रहेको छ । कक्षा ८ को स्थानीय तह स्तरीय र कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय स्तरको सञ्चालन भइरहेको छ ।

यस नगरपालिका भित्र विद्यालय शिक्षामा पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा निम्नानुसारको अवस्था विद्यमान देखिन्छः

१. पाठ्यक्रम कार्यन्वयन गर्न आवश्यक प्रवोधीकरण नभएको ।
२. निरन्तर विद्यार्थी मूल्यांकन कार्यन्वयनको प्रयास भइ सामाग्रीहरु समेत वितरण भएको ।
३. स्थानीयपाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भई कार्यान्वयन भएको ।
४. मातृभाषामा पाठ्यक्रम निर्माण नभएको ।
५. इन्टरनेटको सहज पहुँच नहुदा डिजिटल साम्रगी प्रयोगमा समस्या ।
६. विद्यार्थी केन्द्रित गतिविधिमा कमी ।
७. समयमा पाठ्पुस्तक उपलब्ध भएको ।
८. बहुपाठ्यपुस्तक नीतिगत रुपमा मात्र भएको ।
९. पाठ्यक्रमहरुको बीचमा तहगत तथा विषयगत तादात्मयता कमजोर रहेको ।

मौजुदा कानूनी, नीतिगत तथा कार्यक्रमगत व्यस्था तथा वर्तमान अवस्थाको विश्लेषण गर्दा देहायका अन्तर (Gap) पहिचान गरिएको छः

१. समयसापेक्ष पाठ्यक्रम विकास गरिएको भएपनि प्रवोधीकरण हुन नसक्दा कार्यन्वयनमा समस्या,
२. पाठ्यक्रममा उल्लेख गरिए अनुसार निरन्तर विद्यार्थी मूल्यांकनका साधन उपलब्ध भए पनि कार्यान्वयन हुन नसकेको ।
३. एकीकृत पाठ्यक्रम कार्यन्वयन गर्न सक्षम जनशक्ति व्यवस्थापन सहित आवश्यक प्रवोधिकरण हुन नसकेको ।
४. इन्टरनेटको भरपर्दो सेवाको अभावमा पर्याप्त मात्रमा डिजिटल साम्रगी प्रयोग गर्न नसकेको ।
५. परीक्षा बाहेकका मूल्यांकनका साधनहरुको प्रयोग र अभिलेखीकरण नभएको ।
६. पाठ्यघण्टाको व्यवस्था गरिएपनि पूर्णाङ्कको प्रयोग यथावत रहेको ।
७. तोकिएको पाठ्य घण्टा अनुसार पठनपाठन सञ्चालन गर्न नसकेको ।
८. परियोजना कार्य ICT को प्रयोग अनुसन्धानात्मक कार्य व्यवहारिक रुपमा कार्यन्वयन हुन नसकेको ।
९. लिखित परीक्षाको तुलनामा प्रयोगात्मक परीक्षालाई कम महत्व दिइएको ।
१०. स्थानीय स्तरमा पाठ्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमनका लागि विज्ञ समूहको अभाव ।

### ४.१.३ उद्देश्यहरु

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अगको रुपमा विकास गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छः

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

### ४.१.४ रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने | १.१ सबै शिक्षकहरुको लागि पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२ सरोकारवालाहरुसँग व्यापक सहभागितामा स्थानीय पाठ्यक्रम परिमार्जन गर्ने र कार्यान्वयन गर्ने<br>१.३ सबै विद्यालयमा अनिवार्य रुपमा बाल केन्द्रित क्रियाकलाप सञ्चालन गर्न लगाउने<br>१.४ सबै विद्यालयमा सबै तहको पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध गर्ने ।<br>१.५ प्रारम्भिक कक्षाहरूमा बहुभाषा प्रयोगलाई प्राथमिकता दिने । |
| २. मुल्याङ्कनलाई सिकाइको अभिन्न अंग बनाउने | २.१ निरन्तर विद्यार्थी मूल्याङ्कन, लेटर ग्रेडिङ प्रणाली र मूल्याङ्कनका साधन सम्बन्धी कार्यशाला, गोष्ठी सचालन गर्ने ।<br>२.२ परीक्षा तथा मूल्याङ्कनका साधनलाई स्तरीय र व्यवस्थित बनाउने ।<br>२.३ आवधिक परीक्षाको अपेक्षित नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरणको कार्यलाई अनिवार्य गरिनुका साथै अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्ने । |

### ४.१.५. उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**क. उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भई दैनिक जीवनका लागि आवश्यकआधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**ख. अपेक्षित नतिजा**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
३. सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सीपर व्यवहार विकासमा सहजीकरण भएको हुने,
५. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
६. स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने,

पाठ्यक्रम र पाठ्यपुस्तक,सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह, शि.वि.स.इ. |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग (आवश्यकता अनुसार) | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ११ | सुपरीवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा | सबै विद्यालयका | ५४ | ५४ | ५४ | ५४ | ५४ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | कक्षा १ देखि ३ | | | | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

### ४.२.१.परिचय

शिक्षक व्यवस्थापन शैक्षिक प्रणालीको मुख्य कार्यभित्र पर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । कुनै पनि शिक्षा प्रणालीको अवस्था कस्तो छ भनेर त्यहाँ कार्यरत शिक्षकको अवस्था हेरेर अनुमान गर्न सकिन्छ । शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने नीतिगत तथा कानूनी व्यवस्था विद्यमानछ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

शिक्षकको पेशागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव हुन्छ । शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेशागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ ।

## ४२.२ वर्तमान अवस्था

प्रत्येक बालविकास केन्द्रमा एक जना सहयोगी कार्यकर्ताको दरबन्दी तोकिएको, आधारभूत तह कक्षा १—५ संचालित विद्यालयमा कम्तिमा ३ जना शिक्षक, कक्षा ६ देखि ८ संचालित विद्यालयमा कम्तिमा ४ जना शिक्षक, कक्षा ६ देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा ९ जना शिक्षक, कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयमा कम्तिमा ८ जना शिक्षक रहने व्यवस्था रहेको छ । यसैगरी शिक्षक विद्यार्थी अनुपात हिमालः १:४०, पहाडः १:४५ र तराईः १:५० तोकिएको छ । रामेछाप नगरपालिकामा शिक्षक व्यवस्थापनका सन्दर्भमा निम्न अवस्था विद्यमान देखिन्छः

१. शिक्षकहरुका लागि प्रोत्साहन कार्यक्रम सञ्चालनमा नरहेको
२. शिक्षकहरु तालिम प्राप्त रहेको
३. प्रारम्भिक बालविकास तथा शिक्षामा **SLC/SEE** उत्तीर्ण सहजकर्ता नियुक्ति भएको
४. कक्षा १ देखि ५ सञ्चालित विद्यालयमा ३ जना शिक्षक मात्र हुँदा कक्षागत शिक्षक व्यवस्था हुन नसकेको ।
५. विद्यार्थी संख्या कम भई निरन्तर शैक्षिक क्रियाकलाप नहुदा गुणस्तर खस्किएको
६. कक्षा ११ र १२ सञ्चालन भएका सबै विद्यालयलाई शिक्षक दरबन्दी प्राप्त नभएको आ.वि. तथा मा.वि. तहका शिक्षकले माथिल्लो कक्षा सञ्चालन गर्नु परेको
७. कक्षा ६ देखि १२ सम्मका शिक्षक पूननरावलोकन नभएको तथा विषयगत शिक्षक अभाव रहेको

शिक्षकको प्राप्ति, वितरण, प्रयोग एवम् अभिप्रेरणाको अवस्थाले शैक्षिक गुणस्तरलाई प्रत्यक्ष असर पुर्याउनछ। शिक्षक दरबन्दी मिलान, थप शिक्षकको व्यवस्था, सुदृढ पेशागत सहयोग प्रणाली, वृत्ति विकासका अवसर जस्ता पक्षहरुको समूचित संवोधन, शिक्षक व्यवस्थापन तथा विकास अन्तर्गतका कार्यहरु हुन् । रामेछाप नगरपालिका अन्तर्गततको शिक्षक व्यवस्थापन तथा विकास सम्बन्धी वर्तमान अवस्था र व्यवस्थाको विश्लेषण गर्दा निम्नानुसारका समस्या, चुनौती तथा अन्तर (**Gap**)देखिन्छन् ।

१. दरबन्दी मिलान कार्यलाई पूर्णता दिनु,
२. आवश्यकतामा आधारित शिक्षक तालिमतथा तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोग,
३. शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा विकास गर्नु,
४. तहगत नमुना शिक्षक निर्माण गर्नु,
५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. विशेष गरी (बालविकास) कक्षामा बालमनोविज्ञान एवम प्रविधिमैत्री सहयोगी कार्यकर्ताको अभाव

७. विद्यार्थी संख्या बढी भएको विद्यालयमा शिक्षक अभाव
८. विषयगत शिक्षकको अभावमा सिकाई उपलब्धिमा कमी
९. विद्यालय सञ्चालन अनुमती दिएको तर सो अनुसार विद्यालय स्वीकृति नहुँदा नदिँदा शिक्षक दरबन्दी सिर्जना हुन नसकेको

### ४२..३ उद्देश्यहरु

१. जहाँ विद्यार्थी त्यहाँ शिक्षक अनुसार शिक्षक व्यवस्थापनका लागि संस्थागत पद्धति विकास गर्नु ।
२. कक्षागत र विषयगतरुपमा शिक्षक व्यवस्थापन गर्नु ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि अवसरहरुको सुनिश्चितता गर्नु ।
४. विषय विज्ञ शिक्षकहरुको रोष्टर समूहद्वारा कक्षा अवलोकन र नमूना पाठ प्रदर्शनको अवसर प्रदान गर्नु ।
५. पालिकास्तरमा शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि शिक्षक सहायता पद्धतिको **(Teacher Support System / Mechanism)** प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
६. पालिका र अन्तर पालिकाका असल अभ्यास र सिकाई अनुभवको अवसर प्रदान गर्नु ।
७. विद्यालयबाट नियुक्ति हुने अस्थायी / करार शिक्षक र बालविकास सहजकर्ताको छनोट कार्यलाई विश्वसनीय र सुदृढ वनाउनु ।
८. शिक्षक सेवा आयोगवाट सिफारिश र तोकिएको अधिकारीवाट स्थायी नियुक्ति प्राप्त शिक्षकलाई प्रचलित तोकिएको मापदण्ड अनुसार शिक्षक पदस्थापन गर्नु ।
९. "एक विद्यालय ,एक प्रारम्भिक बाल विकास शिक्षक" कायम गर्नु ।
१०. समसामयिक, नवीन शिक्षण विधि र प्रविधि तथा डिजिटल सामग्रीसंग परिचित गराउनु र कक्षा शिक्षणमा प्रयोगको वातावरण तयार गर्नु ।

### ४.२.४ रणनीतिहरु तथा कार्यनीतिहरु

उद्देश्यहरु पुरा गर्न देहाय अनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु सञ्चालन गरिनेछ।

१. शिक्षकहरुको वितरण Serving Class & Serving Student को आधारमा गर्ने ।
२. विषय विज्ञ शिक्षकहरुको रोष्टर समूह गठन र कक्षा अवलोकन र नमूना पाठ प्रदर्शन लागि परिचालन गर्ने ।
३. जहाँ विद्यार्थी त्यहाँ शिक्षक अनुसार शिक्षक व्यवस्थापनका लागि संस्थागत पद्धति विकास गर्नु ।
४. तहगत र विषयगतरुपमा योग्यता प्रणालीमा सूचीकृत गरि सिफारिस गर्ने गरी पालिकास्तरमा एक शिक्षक वैङ्क स्थापना गर्ने ।

५. शिक्षक सेवा आयोगबाट अस्थायी योग्यता सूचीमा सूचीकृत रहेका सम्बन्धित तह अन्तर्गतका तहगत र विषयगत शिक्षकहरुलाई अस्थायी करार नियुक्तिको लागि उच्च प्राथमिकता प्रदान गर्ने ।
६. प्रसुती वा सुत्केरी विदामा रहेको अवधिमा शिक्षण सिकाई निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्थापन गर्ने ।
७. न्यूनतम संख्या र विषयगत शिक्षक नभएको विद्यालयका लागि पालिका स्तरबाट नगर अनुदान शिक्षक व्यवस्थापन गर्ने ।
८. नव प्रवेशी एवम् कार्यरत शिक्षकहरुको पेशागत दक्षता र क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धी तालिमको सञ्चालन गर्ने ।
९. शिक्षकको उपस्थिति र शिक्षकले कक्षा कोठामा विताउने समय र कार्यसम्पादन सुधार योजना अनिवार्यरुपमा लागू गर्ने ।
१०. शिक्षक तथा प्र. अ. को वृत्ति विकासलाई विद्यार्थीको सिकाई उपलब्धि सुधारसंग सम्बन्धित गरी अपेक्षित नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
११. प्र. अ. र शिक्षकहरुका लागि कार्यसम्पादन करार सम्झौताको नीति अवलम्बन गर्ने ।
१२. अवकाश प्राप्त स्थानीय जनशक्ति एवम् पूर्व विद्यार्थीहरु र रैथाने ज्ञान सीप र अनुभव प्राप्त स्थानीय व्यक्तिहरुलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन गर्ने ।
१३. तहगत र विषयगत शिक्षकहरुका लागि सिकाई उपलब्धि प्रक्षेपण र कार्यान्वयनको नीति अवलम्वन गर्ने ।
१४. दीर्घसेवा पश्चात अनिवार्य अवकाश प्राप्त शिक्षक एवम् कर्मचारीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने

### ४२..५ उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**क उपलब्धि**

दक्ष, योग्य, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्था भई शिक्षण सिकाइमा सुधार हुने

**ख अपेक्षित नतिजा**

१. सबै विद्यालयहरुमा न्यूनतम संख्यामा शिक्षकहरुको पदपूर्ती भएको हुनेछ ।
२. शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।
३. पालिका स्तरमा तहगत विषय शिक्षक एवम् विज्ञहरु रोष्टर समूह गठन र शिक्षकहरुको कक्षा अवलोकन र नमूना पाठ प्रदर्शनका लागि परिचालित गरिनेछ ।
४. प्रसुती अवधिमा सिकाई निरन्तरताको सट्टा शिक्षकको व्यवस्था भएको हुनेछ ।

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | १० | १० | १० | १० | १० | ५० | १०० | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको अपेक्षित नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | वटा | १ | | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपरीवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह |
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | पालिकाले प्र.अ. संग र प्र.अ.ले शिक्षकहरूसँग करार सम्झौता मार्फत् सिकाइ अपेक्षित उपलव्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागितालिमको व्यवस्था गर्ने | पटक | १ | १ | | | | २ | ४ | |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितीय सीप एकीकृत तालिमको व्यवस्था | जना | ३० | ४० | | | | ७० | ७० | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | वटा | | १ | | १ | | २ | ४ | |
| १५ | एकीकृत पाठ्यक्रममा पठन तत्त्व तथा एकीकृत ढाँचा सम्बन्धी पुनर्ताजगी तालिमको व्यवस्था | पटक | | | | | १ | १ | | |
| १६ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | १ | | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तैः प्रधानाध्यापक/आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन/विज्ञ समूह गठन र परिचालन शिक्षक सिकाइ समूह गठन र परिचालन | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वैकल्पिक विधिको प्रयोग | | | | | | | | | |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने, शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने, प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने, प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने, शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने, दिगो र प्रभावकारी रूपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने प्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## ४.३. शैक्षिक समता तथा समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधानले समानुपातिक समावेशिताको सुनिश्चितता गरेको छ । शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति, २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिन्छ ।

### ४.३.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष  सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूका लागिविशेष शिक्षाको  सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।

बालमैत्री विद्यालय, विविधताको संवोधन, मातृभाषामा शिक्षण, तथा माध्यम भाषाको रुपमा मातृभाषा, विभिन्न प्रोत्साहानमूलक कार्यक्रमहरु, छात्रा शौचालय जस्ता नीतिगत तथा कार्यक्रमगत प्रवन्ध शिक्षामा समता तथा समाबेशीकरणाका लागि गरिएका सकरात्मक पहलहरु हुन् । नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपांग बालबालिकाहरूलाई उच्च

शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागु गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् । यस नगरपालिकामा निम्न अवस्था विद्यमान देखिन्छः

१. विद्यालयमा राष्ट्रिय मापदण्ड अनुसार शिक्षकको नियुक्ति भएको ।
२. विद्यालयमा लैङ्गिक समातामूलक वातावरण रहेको ।
३. दलित, छात्रा र अपाङ्गको लागि छात्रवृत्तिको व्यवस्था भएको ।
४. धेरैजसो विद्यालयमा छात्रछात्रामैत्री शौचालय भएको ।
५. विद्यालयको हरेक क्रियाकलापमा बालबालिकाहरुलाई सहभागिता गराइएको ।
६. नगरपालिकामा छात्र र छात्रा को अनुपात समदरको नजिक रहेको ।
७. वि.व्य.स तथा शि.अ.स. समावेशी भएको ।

**समस्या**

१. नियुक्तिमा समावेशीकरण नअपनाइनु ।
२. भौतिक व्यवस्थापनमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री संरचना निर्माणमा आर्थिक अभाव तथा सो अनुसार नक्साङ्कन हुन नसक्नु ।
३. वि.व्य. स. र शि.अ.सङ्घले आफ्नो भूमिका पूर्ण रुपमा निर्वाह नगर्नु ।
४. जिम्मेवार निकायबाट समता र समावेशीकरण सम्बन्धमा सहजीकरण नहुनु ।
५. शैक्षिक क्षेत्रमा भन्दा भौतिक पक्षमा बढी जोड दिनु ।
६. तालिम, गोष्ठी, जनचेतनामूलक कार्यक्रमहरु लक्षित वर्गमा हुन नसक्नु ।
७. जानकार व्यक्तिलाई जिम्मेवारी दिएर काम गर्ने वातावरण नबनाइनु ।
८. वि.व्य.स र शि.अ.सङ्घको बैठकमा समता र समावेशीकरण विषय एजेण्डाको रुपमा नआउनु ।
९. पुरातन मान्यताहरु रहिरहनु र परिवर्तनशील नहुनु ।

### ४.३.३ उद्देश्यहरु

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्र अन्तर्गत देहायका उद्देश्य रहेकाछन् ।

१. जोखिममा रहेका, विपन्न वर्ग, अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित, महिला, र आर्थिक रूपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु ।
२. समता र समावेशीकरणका सिद्धान्त अनुसार गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु ।

३. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
४. विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहारमुक्त वातावरण सुनिश्चित गर्नु ।

### ४.३.४ रणनीतिहरु तथा कार्यनीतिहरुः

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्ने | १.१ बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुरूप पहुँच र सहभागिताको प्रबन्ध गर्ने ।<br>१.२ समुदायमा पछाडि परेका बालबालिकाहरुलाई विद्यालय ल्याउन अभिभावकहरुसँग सहकार्य गर्ने । |
| २. बालमैत्री सिकाइ वातावरण सिर्जना गरी सबैले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने वातावरण तयार गर्ने | २.१ समावेशी कक्षा कोठा व्यवस्थापन गर्ने ।<br>२.२ सिकाइ विविधतालाई मध्यनजर गर्दै समावेशी सिकाइ विधिको प्रयोग गर्ने ।<br>२.३ दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने ।<br>२.४ आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुका साथै स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान र सीप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउने । |
| ३. विद्यालयका भौतिक संरचनाहरु समावेशी बनाउने | ३.१ छात्रामैत्री शौचालय निर्माण गर्ने ।<br>३.२ बालबालिकाको उच्चाइ वा उमेर अनुसारका हात धुने धारा, शौचालय लगायत विकास गर्ने ।<br>३.३ खेल सामग्रीहरु व्यवस्थापन गर्दा छात्र र छात्रा दुबैको आवश्यकता सम्बोधन हुने गरी व्यवस्था गर्ने । |

### ४.३.५ उपलब्धि, अपेक्षित नतिजा, मुख्य क्रियाकलाप र लक्ष्यः

**क उपलब्धि**

सबैका लागि विद्यालय शिक्षामा समतामूलक एवम् समावेशी पहुँच तथा समावेशी सहभागिताको सुनिश्चितता भई गुणस्तरीय शिक्षा प्राप्त हुने ।

**ख मुख्य अपेक्षित नतिजा**

१. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने ।

२. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने ।
३. जनशक्तिको दक्षता र सक्षमता सुधार हुने ।
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने ।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।
६. सबै विद्यालयहरू बालमैत्री हुने ।

शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गराउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा वि.व्य.स.का पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय तह |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | १ | | | १ | | १ | १ | स्थानीय तह |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य

### ४.४.१ परिचय

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको विकास नै शिक्षा हो । न्यूनतम पोषण प्राप्त गर्न नसकेका बालबालिकाहरुको सिकाइ अन्य बालबालिकाहरुको भन्दा कमजोर रहने अनुसन्धानहरुले देखाएकाछन् । विद्यालय शिक्षा नै असल र सफल जीवन यापनका लागि आधारशीला समेत भएको हुँदा सर्वाङ्गीण विकासका लागि पोषण अत्यन्त जरुरी विषय हो ।

सरसफाई मानव सभ्यताको पहिचान हो। हाम्रो चेतना र विकासको अवस्था कस्तो छ भन्ने कुरा सरसफाईको अवस्थाले इङ्गित गर्दछ । घर पछाडी सबै भन्दा बढी समय विताउने स्थल विद्यालय भएको हुँदा स्वस्थ, स्वच्छ एवम् सरसफाईयुक्त हरियाली वातावरणले सिकारुलाई सिकाइ अनुकूल वातावरण मात्र प्रदान गर्दैन कि जीवन यात्रामा पनि अमिट छाप छोडेको हुन्छ । वातावरण र जीवन पद्धतिसँग सामिप्यता कायम राख्न अभिप्रेरित गरिरहेको हुन्छ।

### ४.४.२ वर्तमान अवस्था र चुनौतीहरु

बालमैत्री सिकाइ बातवरण आजको विद्यालय शिक्षाको माग हो। अनुकूलित सिकाइ वातवरणमा सिकारुका सम्भावित क्षमताहरु प्रष्फुटन सम्भव हुन्छ । हरित विद्यालयको अवधारणाले विद्यालय शिक्षामा वातावरणमैत्री विषयलाई आत्मसात गर्दछ । यसैगरी दिवा खाजाको व्यवस्थापन मार्फत न्यूनतम पोषणको सुनिश्चितता सहित सक्रिय सिकाइ सम्भव हुन्छ । कक्षा दोहोर्याउने, कक्षा छाड्ने जस्ता शैक्षिक क्षतिहरुलाई न्यूनीकरण गरी आन्तरिक सक्षमता बृद्धि गर्न सकिन्छ ।

स्यानिटरी प्याड, छात्रा शौचालय, वास सुविधा सहितको शौचालय, फोहोरमैलको उचित व्यवस्थापन, विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण जस्ता विषय क्षेत्र पनि विद्यालय शिक्षासँग जोडिएर आउने विषय हुन् । यिनीहरुको उचित प्रवन्ध मार्फत स्वच्छ, सफा, हराभरा विद्यालय वातावरण निर्माण गरी सिकाइ स्थलको रुपमा रुपान्तरण गर्न सकिन्छ ।

रामेछाप नगरपालिकामा विद्यालय शिक्षामा स्वास्थ्य तथा पोषणको वर्तमान अवस्था विश्लेषण गर्दा निम्नानुसारको अवस्था पहिचान गरिएको छ ।

१. प्रत्येक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई स्वच्छ दिवा खाजा वापतको रकम उपलब्ध भएको ।
२. कुनै कुनै विद्यालयहरुमा मापदण्ड अनुरुपको स्थानीय स्वस्थकर दिवा खाजाको व्यवस्था नभएको ।
३. छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था भएको ।
४. केही विद्यालयमा वाहेकमा खानेपानीको व्यवस्था भएको ।

५. मा.वि.हरुमा विद्यालय नर्सको व्यवस्था मिलाइएको ।
६. आंशिक रुपमा छात्रा छात्रका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको ।
७. १० देखि १८ वर्ष सम्म उमेर समूहका छात्राहरुका लागि आइरन चक्कीको व्यवस्था भएको ।
८. आंशिक रुपमा सफा पर्याप्त हावा तथा प्रकाश पर्ने कक्षाकोठाको व्यवस्था ।
९. जुकाको औषधि वितरण भएको ।
१०. कक्षाकोठा, विद्यालय परिसर तथा शौचालय कार्यलय सहयोगी र कक्षाका विद्यार्थीहरुलाई पालैपालो कार्य तालिका बनाई सरसफाइ गर्ने व्यवस्था भएको ।

**समस्या**

१. रामेछाप नगरपालिकाका ७ (सात) वटा विद्यालयहरुमा विद्यालय नर्सको (स्वास्थ्य सम्बन्धी) व्यवस्था भएको तर अन्य विद्यालयहरुका विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था नरहेको ।
२. स्वास्थ्य चौकिहरुसँगको समन्वयमा विद्यालयहरुमा स्वास्थ्य परीक्षण हुन नसकेको ।
३. केहि विद्यालयहरुमा स्वच्छ खानेपानी तथा स्वच्छ लैङ्गिकमैत्री शौचालयको अभाव छ यसका मुख्य कारणहरु निम्न रहेकाछन् ।
    क) लगानीको अभाव
    ख) जनचेनताको कमी
    ग) कमजोर व्यवस्थापन
    घ) खानेपानी मुहानको अभाव
    ङ) जनशक्तिको अभाव
    च) खानेपानी लिफ्टवाट संचालन भएको र शुल्क तिर्नको लागि विद्यालयमा रकम अभाव

### ४.४.३ उद्देश्यहरु

१. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई स्वच्छ दिवा खाजाको व्यवस्था गरी न्यूनतम पोषणको सुनिश्चितता गर्नु,
२. प्रत्येक विद्यालयलाई हरित विद्यालय बनाउनु,
३. फोहोरमैलाको समुचित व्यवस्थापन गरी प्रदुषण रहित स्वच्छ, हराभरा विद्यालय वातावरण निर्माण गर्नु,
४. सबै बालबालिकाहरुको स्वास्थ्य परीक्षण गर्नु,
५. खानेपानी अभाव भएका विद्यालयहरुमा स्वच्छ खानेपानी तथा लैङ्गिक शौचालयको व्यवस्था मिलाउन

### ४.४.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सफा, स्वच्छ, स्वस्थ्य | १.१ विद्यार्थीहरुलाई विद्यालय परिसर सरसफाइमा परिचालन गर्ने |

| | |
|---|---|
| हरियालीयुक्त विद्यालय वातावरणको निर्माण गर्ने । | १.२ हरित विद्यालय विकास गर्न फुलबारी र बगैंचा निर्माण गर्ने<br>१.३ स्थान अभाव भएको विद्यालयमहरुमा बोटल गार्डेन तयार गर्ने |
| २. विद्यार्थीहरुलाई पोषणयुक्त खाजाको प्रबन्ध गरी विद्यालय आउने दर वृद्धि गर्ने | २.१ स्थानीय क्षेत्रमा उत्पादन हुने खाद्यान्नबाट दिवा खाजा तयार गर्न अभिभावक तथा उत्पादनहरुसँग सहकार्य गर्ने<br>२.२ दिवा खाजा व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा छुट्टै समिति बनाइ जिम्मेवारी दिने |
| ३. एक शैक्षिक बर्षमा कम्तिमा दुई पटक सबै बालबालिकाहरुको आधारभूत स्वास्थ्य परीक्षण गर्ने | ३.१ हरेक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्दै जाने<br>३.२ बालबालिकाहरुको स्वास्थ्य परीक्षण, खोप, जुकाको औषधी तथा आइरन चक्की वितरण लगायतका कार्यहरु लिडर स्कुलको विद्यालय नर्श तथा स्वास्थ्य संस्थासंगको समन्वयबाट नियमित गर्ने |

**४.४.५ उपलब्धिहरु, अपेक्षित नतिजाहरु, मुख्य क्रियाकलापहरु र लक्ष्यः**

**क. अपेक्षित नतिजा उपलब्धि**

पोषणयुक्त सक्रिय सिकारु र हरियाली स्वच्छ वातावरण सहितको सिकाइ स्थल विद्यालय हुनेछ ।

**ख अपेक्षित नतिजाहरु**

१. सबै बालबालिकाहरुलाई पोषणयुक्त अर्गानिक दिवा खाजा प्राप्त हुने तथा नियमित र सक्रिय सिकाइमा सहभागिता हुने
२. सबै विद्यालयमा बाल उद्यान तथा बगैचा निर्माण हुने
३. सबै बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण हुने
४. सबै विद्यालयहरुमा खानेपानी तथा छुट्टै शौचालयको व्यवस्था हुने
५.

विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय स्वच्छ दिवा खाजा कार्यविधि अद्यावधिक र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | ४ | ४ | ४ | १ | | १३ | १३ | |
| ३ | **User Manual** समेतको प्राथमिक उपचार बाकस वितरण | विद्यालय | १० | १० | १० | १० | १४ | ५४ | ५४ | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | ८ | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवाखाजा | निरन्तर | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अभिभावक, आमा समूह, दिवा खाजा तथा सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ९ | दिवाखाजा कार्यक्रम विस्तार र निरन्तरता | कक्षा | | ६ | ७ | ८ | | | | |

## ४.५ विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बन्धित व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ । जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) समेटिएको हुन्छ । यसैगरी विद्यालयमा हुने राजनैतिक हस्तक्षेपमुक्त राख्न समेत सवैजना उत्तिकै संवेदनशील हुन जरुरी हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप. कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिक्दै यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (Corporal Punishment) शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bulling) र यौन दूराचार (Sexual Harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य

हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।

यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित नतिजा मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बीचैमा विद्यालय छाड्ने दरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरू सहित बालबालिकाको अवस्था अनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

त्यस्तै बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना, बृहत् विद्यालय सुरक्षा गुरूयोजना तथा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने अपेक्षा, दिगो विकास लक्ष्य ४ ले समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुरक्षित गर्न सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपदको पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुनसक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेद लगायतका गैरसंरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिएको छ ।

### ४.५.३ उद्देश्यहरु

१. सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

३. प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना गर्नु ।

### ४.५.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्भावित विपतमा पनि विद्यालय शिक्षा निरन्तर हुने अवस्थाका लागि उचित तयारी गर्ने | १.१ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गर्ने ।<br>१.२ विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गर्ने । |
| २. वृहत् विद्यालय सुरक्षाका लागि सरोकारवालाहरुसँग सहकार्य गर्ने | २.१ प्रतिकार्य योजना तयार गरी विद्यालयहरूको विद्यालय सुधार योजनामा समावेश गर्न लगाउने ।<br>२.२ शिक्षक तालिम र अभिभावक सचेतना कार्यक्रममा विपत पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन सम्बन्धी विषय समावेश गर्ने ।<br>२.३ गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता र सहयोगको परिचालन गर्ने ।<br>२.४ विपत व्यवस्थापनका परम्परागत ज्ञान, सीप र अनुभवहरूलाई प्रयोगमा ल्याउने ।<br>२.५ आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराउने । |
| ३. विपत प्रतिरोधी शिक्षा संरचना तयार गरी विपतको समयमा पनि सिकाइ निरन्तरता हुने वातावरण तयार गर्ने | ३.१ वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने ।<br>३.२ विपत व्यवस्थापन सम्बन्धी पाठ्यसामग्रीहरूको पठनपाठनलाई प्रभावकारी बनाउने । |

### ४.५.५ मुख्य उलब्धि, अपेक्षित नतिजा, क्रियाकलाप र लक्ष्य

#### क मुख्य उपलब्धि

आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ।

#### ख अपेक्षित नतिजा

१. पालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय, सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपद् जोखिमको नक्साङ्कन तयार भएको हुनेछ ।
२. नगरपालिका र विद्यालयहरूमा विपत व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

३. सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन भएको हुनेछ ।
४. विपद तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन भएका हुने छन् ।

## विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विपद् उत्थानशीलताका लागि सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा वि.व्य.स. तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण र जोखिमयुक्त विद्यालयमा पूर्व तयारी सचेतना तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | २ | १० | १० | १० | १० | ४२ | ५४ | आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा वालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा-पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

### ४.६.२ वर्तमान अवस्था

विगत यस क्षेत्रमा आएको विनासकारी भुकम्प पश्च्यात गरिएको विद्यालयहरूको पुनर्निमाणले धेरै जसो विद्यालयहरुले भौतिक पुर्वाधारको विकासमा राम्रो फड्को मारेको छ । यहाँका विद्यालयहरू प्राय पक्की भवनमा सञ्चालनमा र कक्षाकोठाहरू राम्रो अवस्थामा रहेका छन्। पुराना केही भवन तथा कक्षाकोठाहरूको मर्मत गरी कक्षा सञ्चालन गर्नु पर्ने अवस्था पनि रहेको छ। फर्निचरको अवस्था राम्रो छ, जसले विद्यार्थीहरूको अध्ययन वातावरणलाई सहज बनाइ रहेको छ। स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्राय ब्धलपउ मायलद्यासबै वि छ। केहि विद्यालय बाहेकमा बिजुली र इन्टरनेटको सुविधा छ, जसले विद्यार्थीहरूलाई डिजिटल शिक्षामा पहुँच पुर्याइ रहेको छ। खेल मैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि पर्याप्त स्थलहरूको व्यवस्था छ। यस पालिकाका विद्यालयहरुको विद्यमान अवस्थामा तथा समस्याहरु निम्न रहेको छ।

१. विद्यालय भवनहरु सामान्यतया पर्याप्त तथा राम्रो अवस्थामा रहेका ।
२. धेरै जसो विद्यालयहरुमा खेलमैदानको समस्या रहेको र केही विद्यालयहरुमा सुधार गर्नु पर्ने ।
३. शौचालय सामान्यतया सबैमा रहेको तर महिला, पुरुष र अपाङ्गमैत्री तथा WASH सुविधा करीव ५० प्रतिशतमा नरहेको ।
४. घेराबार भएका विद्यालय पचास प्रतिशत भएको, बाँकी असुरक्षित ।
५. छात्रावास र वाचनालय ९८.५% नभएको ।
६. फर्निचर व्यवस्थित गर्नुपर्ने अवस्था रहेको ।
७. स्वच्छ खानेपानी अपर्याप्त ।

**समस्याहरु**

१. केहि विद्यालयहरुमा भौतिक पूर्वाधार पूर्ण नहुनु ।
२. महिला, पुरुष शौचालय संयुक्त हुँदा शौचालयमा WASH को समस्या ।
३. खेल मैदान साँगुरो हुँदा पाठ्यक्रमले तोकेका उद्धेश्य पुरा गर्न कठिन ।
४. टाढावाट आउने विद्यार्थीहरुको लागि धेरै विद्यालयमा छात्रावास नहुनु
५. विज्ञान विषयको ल्यावमा प्रयोगात्मक नियमित हुन नसक्नु ।

## ४.६.३ उद्देश्यहरु

१. मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका गर्नु/गराउनु,
२. सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय गै.स.स.हरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गरी भौतिक पूर्वाधारको विकास गर्नु,
३. सुरक्षित विद्यालयको अवधारणा अनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
४. खेल मैदानहरुको व्यवस्थापन र ल्यावहरु संचालनको लागि दक्ष शिक्षक व्यवस्थापन र संचालन गर्नु

## ४.६.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचनामा लगानी गर्ने | १.१ कक्षाकोठा अभाव भएको विद्यालयको भौतिक पूर्वाधार विकासका लागि पहिलो प्राथमिकता दिने<br>१.२ न्यूनतम् भौतिक पूर्वाधार सुनिश्चित भएपछि विकासका मापदण्ड निर्धारण गर्ने |
| २. प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, अपाङ्गमैत्री तथा उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | २.१ जोखिमयुक्त संरचनाहरु पहिचान गरी पुनर्निर्माण तथा पुनःस्थापना गर्ने<br>२.२ नयाँ बनाइने संरचनाहरु प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, तथा अपाङ्गमैत्री बनाउने |

## ४.६.५ उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्यः

**क. आसातित उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ ।

**ख अपेक्षित नतिजा**

१. आवश्यता पहिचान तथा प्राथमिकीकरणको आधारमा  विद्यालयहरुको भौतिक पूर्वाधार विकास भएको हुने ।
२. सरकारी तथा गैर सरकारी संस्थाबीचमा पूर्वाधार विकासका लागि लागत साझेदारी भएको हुने
३. तोकिएको मापदण्ड बमोजिम पूर्वाधार निर्माण भई सुरक्षित वातावरणमा सिकाइ भएको हुने

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | √ | √ | √ | √ | √ | | | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगमैत्री, लैङगिकमैत्री र वालमैत्री संरचनाको विकास | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ४० | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत तथा सुधार | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ७ | विद्यालयमा हरित वगैचा, वालउद्यान निर्माण | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | २० | |
| ८ | विद्यालय खेलमैदानको व्यवस्था | विद्यालय | १ | ४ | ४ | ४ | ४ | १७ | २५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिगत व्यवस्था गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ ।

डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने, सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने विषय उल्लेख गरिएको छ ।

त्यसैगरी रामेछाप नगरपालिकाभित्र रहेका विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयरकार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरू रहेका थिए ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बनाइए पनि केहि विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री वा इन्टर्नेट कनेक्टिभिटीको अभावले पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन भने सञ्चालनको लागि दक्ष प्राविधीक समेत अपुग रहेको छ ।

### ४..७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा समुचित प्रयोगले विद्यार्थीहरूबीच विद्यमान प्रविधिगत भिन्नता (Digital Divide) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनको रूपमा सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय एवम् शासकीय पद्धतिमा सुधार ल्याउने कार्य गर्दछ ।

रामेछाप नगरपालिका अन्तर्गतत सञ्चालित विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार, जनशक्ति र प्रयोगको अवस्था विश्लेषण गर्दा निम्नानुसारका तथ्य भेटिए:

१. प्रत्येक माध्यामिक र आधारभूत (कक्षा ६-८ सञ्चालित) विद्यालयहरुमा कम्प्युटर ल्याब भएको, आधारभूत तह (कक्षा १-५ सञ्चालित) का विद्यालयहरुमा मात्र नभएको ।
२. धेरै विद्यालयहरुमा स्मार्ट बोर्ड नभएको ।
३. ICT उपकरणहरु प्रशासनिक कार्य र परीक्षाका लागि प्रयोग भइरहेको विद्यार्थी सिकाइमा कम प्रयोग भएको ।
४. IEMIS अपडेट मा.वि हरुले आफैं गर्ने गरेको तर आ.वि हरुले वाह्य जनशक्ति प्रयोग गरी गर्ने गरेको ।
५. सबै विद्यालयहरुमा इन्टरनेटको पहुँच पुगेको ।
६. करिव ५० प्रतिशत भन्दा बढी शिक्षकहरु प्रविधिमैत्री नरहेको ।
७. कक्षा ६—८ मा कम्प्युटर विषय पढाइ भइरहेको तर अभ्यास हुन नसकेको ।
८. ICT उपकरणहरु मर्मत संभार खर्चको केही कतैबाट व्यवस्था नभएको ।
९. द्रुत गतिको इन्टरनेटको सुविधा नभएको साथै यस शीर्षकमा हुने निकासा पर्याप्त नरहेको ।
१०. दक्ष सीपयुक्त जनशक्तिको अभाव साथै यस सम्बन्धी तालिमको पनि व्यवस्था नभएको ।
११. ICT उपकरणहरु प्रयोग विहिन रहेको ।

### ४.७.३ उद्देश्यहरु

१. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु,
२. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउनु,
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सहज र छिटोछरितो शैक्षिक सेवा प्रवाह गर्नु,

### ४.७.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास गर्ने | १.१ विद्यालयको आवश्यकता अनुसार कम्प्युटर, इन्टरनेट, फोटोकपि, प्रिन्टर लगायतका ICT साधनहरु उपलब्ध गराउने<br>१.२ सूचना तथा सञ्चार प्रविधिका साधनहरुको समुचित प्रयोग गर्न क्रमश प्रशासनिक कार्यहरु कागजविहिन बनाउँदै लैजाने<br>१.३ विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिका साधनहरु को मर्मत गर्न प्राविधिक जनशक्ति |

| | |
|---|---|
| | नगरपालिकाले उपलब्ध गराउने<br>१.४ इन्टरनेट प्रदायक संस्थाहरुसँग सहकार्य गरी विद्यालयहरुमा उच्च गतिको इन्टरनेट सेवा प्रदान गने |
| २.प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिने | २.१ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।<br>२.२ शिक्षण सिकाइमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने<br>२.३ विद्यालयहरूमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गर्ने व्यवस्था मिलाउने । |
| ३. EMIS को प्रयोग प्रभावकारी बनाउने | ३.१ प्रत्येक विद्यालयलाई समयमा नै EMIS अध्यावधिक गर्न प्रोत्साहित गर्ने<br>३.२ EMIS तथ्याङ्कलाई शैक्षिक नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणमा प्रयोग गर्ने |

### ४.७.५ उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**क. आसातित उपलब्धि**

सबै विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच र प्रयोगमा विस्तार भई शिक्षण सिकाइ सान्दर्भिक, उद्देश्यमूलक एवम गुणस्तरीय हुने तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन प्रवर्द्धन भएको हुनेछ ।

**ख. अपेक्षित नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
२. अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
३. विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
४. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
५. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने,

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ५४ | ० | ० | ० | ० | ५४ | ५४ | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ३० | ३० | ३० | ३० | १२० | १७५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | वटा | | २ | २ | २ | २ | ८ | १५ | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | १ | २ | ३ | ६ | १० | |
| ९ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका आधारमा) | विद्यालय | ५ | १० | १० | १० | १० | ४५ | ५४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतप्रयोगका लागि तालिमको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | १३० | |
| ११ | विद्यालयमा कम्तिमा एउटा Interactive Board को व्यवस्था | विद्यालय | १ | ३ | ३ | ३ | ३ | १३ | १३ | |
| १२ | कक्षाकोठामा प्रोजेक्टरको व्यवस्था | विद्यालय | १ | ३ | ३ | ३ | ३ | १३ | १३ | |

# परिच्छेद ५. सुशासन तथा व्यवस्थापन

दीर्घकालीन शिक्षा योजना अनुसार नगरपालिकाले कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ । यसका लागि नगरपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालिन लक्ष्य, उद्देश्य अनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवम् नगरपालिकाको शैक्षिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्नु आवश्यक छ । यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइने छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षामा तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैरसरकारी सङ्घसंस्थाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ । शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, कार्य जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ। नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ। यस सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्ट प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकता पर्छ। त्यसैगरीयोजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, अपेक्षित नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ।

### ५.१.२ वर्तमान अवस्था

केन्द्रमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश स्तरमा रहेका मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, स्थानीय स्तरमा रहेका शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालयहरु विद्यालय शिक्षाको सेवा प्रवाह गर्ने संगठनात्मक संरचनाहरु हुन् ।यसैगरी स्थानीय तहमा रहने शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ लगायतका संस्थागत व्यवस्थाहरु रहेका छन्।यी सबै संगठन तथा संरचनामा आवद्ध जनशक्तिहरुको क्षमता विकास तथा क्षमताको समुचित उपयोग मार्फत शैक्षिक सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी बन्न सक्छ । संस्थागत क्षमताको सुदृढीकरणले अपेक्षित नतिजा उद्देश्य प्राप्ति सम्भव हुन्छ। नगरपालिकाको शैक्षिक सेवा प्रवाह सम्बन्धमा वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न अवस्था विद्यमान देखिन्छ ।

१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र बाल क्लव नियमानुसार गठन भएको साथै क्रियाशील रहेको ।
२. लेखापरिक्षण, सार्वजानिक सुनुवाई समयमै नभएकोले आर्थिक पारदर्शिता कम रहेको ।
३. नगरपालिका लगाएतका निकायबाट नियमित अनुगमन नभएको ।
४. विद्यालय र समुदायबीच सुमधुर सम्बन्ध कायम भएको ।
५. शिक्षक तथा विद्यार्थीले आचारसंहिता पालना गरेको ।
६. शिक्षक, विद्यार्थी, प्र.अ. आ आफ्नो क्षेत्रका लागि जवाफदेही रहेको ।
७. सूचना तथा संचार प्रविधिको प्रयोग हुन नसकि सुशासन तथा व्यवस्थापन कमजोर भएको ।
८. विविधतायुक्त समाजमा एकै किसिमको सेवा प्रवाहले शैक्षिक राजनैतिक नेतृत्व प्रति कम विश्वास ।
९. वि.व्य.स, शि.अ.सङ्घ तथा प्रधानाध्यापकको नियुक्तमा राजनैतिक हस्तक्षेप रहेको ।
१०. शैक्षिक सुधार सुशासन तथा व्यवस्थापनका लागि दलहरुसँग स्पष्ट खाका, दुरदर्शिता नहुनु ।
११. राजनैतिक हस्तक्षेपका कारण क्षमतावान् नेतृत्व समितिमा आउन नसक्नु ।

### ५.१.३ उद्देश्यहरु

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकूशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु
२. कार्यसम्पादनमा उत्तरदायी र अपेक्षित नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु,
३. आवश्यक कानून तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउनु,
४. विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु,
५. प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु,
६. विद्यालयमा हुने राजनैतिक हस्तक्षेपलाई निरुत्साहित गर्नु ।

### ५.१.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आगामी २ वर्ष भित्र शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानूनहरु निर्माण गर्ने | १.१ शिक्षा ऐन, नीति तथा कानून तयार गर्न सरोकारवालाहरुसँग सहकार्य गर्ने<br>१.२ शिक्षा नीति तथा कानून तयार गर्दा सङ्घीय तथा प्रादेशिक नीति तथा कानूनी प्रावधानहरुसँग उचित सहसम्बन्ध कायम गरी स्थानीय आवश्यकतालाई प्राथमिकता दिने |
| २. वित्तीय सुशासनका लागि सूचना तथा सञ्चार | २.१ विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिने |

| | |
|---|---|
| प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने | २.२ शैक्षिक सूचनाहरु तथा महत्वपूर्ण जानकारी नियमित वेवसाइटमा अध्यावधिक गरी पारदर्शिता कायम गर्ने<br>२.३ हरेक विद्यालयहरुमा सिसी क्यामेरा ई हाजिरीको प्रवन्ध मिलाउने |
| ३. विद्यालय तथा नगरपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने | ३.१ प्रधानाध्यापक तथा शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने,<br>३.२ कार्यसम्पादन तथा अपेक्षित नतिजाको आधारमा पुरस्कृत तथा दण्डित हुने व्यवस्था लागु गर्ने,<br>३.३ प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>३.४ प्रत्येक पदाधिकारीहरुको आचार सहिंता बनाई कार्यान्वयन गर्ने,<br>३.५ विद्यालयमा हुने राजनैतिक हस्तक्षेपको विरुद्दमा सचेतना कार्यक्रम गर्ने |

### ५.१.५ उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

#### क) आसातित उपलब्धि

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिवृद्धि भई विद्यालय सञ्चालनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जवाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुनेछ ।

#### ख) मुख्य अपेक्षित नतिजा

१. विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने,
२. सबै प्रधानाध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौता भएको हुने,
३. आचार संहिता तयार भई कार्यान्वयन भएको हुने,
४. कार्यसम्पादन तथा अपेक्षित नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुने,
५. हरेक विद्यालयमा ई हाजिरी र सिसी क्यामेराको जडान र प्रयोग भएको हुने ।

शिक्षाको व्यवस्थापन र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई अपेक्षित नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाई तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीहरूको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसाग्री विकासका लागि पाठ्यक्रम  विकास केन्द्र र शैक्षिक पद्धती, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका लागि मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीन वटा विभागीय निकायहरू रहेका छन् ।

शिक्षक छनौट, बढुवा तथा अध्यापन अनुमतिपत्र सम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घिय मामला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत शिक्षक किताबखाना रहेको छ। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० र कक्षा १२ मा सार्वजनिक परीक्षा सञ्चालन गरीरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकऔटा शिक्षा विकास निर्देशनालय र एकएकवटा शिक्षा तालिम केन्द्र रहेका छन्  । स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । यसका अत्तिरिक्त सङ्घिय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एकवटाका दरले ७७ वटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईहरू रहेकाछन् ।

सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थपान विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ । शिक्षाका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू सबैतिर बल्झिएका छन् । आर्थिक वर्ष २०७७/०७८ देखि सबै विद्यालयका बालविकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाको दिवा खाजा वापतको रकम दिन थालिएको छ । कक्षा १० परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरू परीक्षाबोर्डको शाखा र प्रदेश कार्यालयहरूमा आउने गर्दछन् जबकि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरू अनभिज्ञ छन् । त्यसैले यतिवेला योजना र कार्यक्रमको कार्यान्वयनको सबालमा केही द्विविधाहरू देखिएको छ । नगरपालिकाहरूमा प्राप्त हुने योजना कार्यान्वयनको आवश्यक बजेट समेत समयमा फुकुवा नहुनाले तोकिएको समयमा योजना कार्यान्वयन हुन सकिरहेको छैन । कतिपय योजनाको बजेट आर्थिक वर्षको अन्तमा मात्र निकास हुने हुँदा सोही आर्थिक वर्षमा काम हुन सकेको छैन ।

### ५.२.२ वर्तमान अवस्था

कुनै पनि  योजनाको सफलता तब मात्र हुन्छ जब योजना प्रभावकारी ढंगले कार्यान्वयन भएको हुन्छ । योजनाको प्रभावकारिताका लागि संस्थागत संरचना, सीपयुक्त मानव संसाधन,आवश्यक वित्तिय तथा अन्य स्रोत साधनको समुचित प्रवन्ध गरिएको हुन्छ । योजना बास्तविक आवश्यकतामा आधारित भएर तर्जुमा गरिएमा मात्र अपेक्षित नतिजा लक्ष्य प्राप्ति सम्भव हुन्छ । रामेछाप नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ले आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडी बढेको छ । यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो ।

विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्था भएका संस्थागत संरचनाहरुको सुदृढीकरण तथा जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र उपयोगमा बृद्धि गर्नु आजको आवश्यकता हो । खास गरी नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक समिति, नगर शिक्षा समिति, वडा समितिको कार्यालय, वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक समेतको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि एवम् आफ्नो काम, कर्तव्य र अपेक्षित नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन सकेमा मात्र योजनाको कार्यान्वयन प्रभावकारी र दीगो हुन्छ ।

विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा प्रशासन, जनप्रतिनिधिहरुको संयुक्त प्रयासबाट नै अपेक्षित नतिजा सुधार सम्भव हुन्छ । यही स्पिरिटमा यो योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ ।

### ५.२.३ उद्देश्यहरु

१. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु,
२. नगरपालिका क्षेत्र भित्र रहेका शिक्षासँग सम्बन्धित संस्थागत संरचनाहरुको सुदृढीकरण गर्नु,
३. शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु,
४. कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु,

### ५.२.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गर्ने | १.१ योजना कार्यान्वयन योजना तयार गर्ने<br>१.२ सरोकारवालाहरुमाझ योजनाको प्रवोधीकरण गर्ने<br>१.३ कार्यान्वयन संयन्त्रको संस्थागत क्षमताको सुदृढीकरण गर्ने४<br>१.४ कार्यान्वयनको अवस्थावारे समयसमयमा अनुगमण र पृष्ठपोषण दिने साथै सुधारको लागि दिएको सुझावहरु अक्षरस पालना गर्ने । |

### ५.२.५उपलब्धि, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) अपेक्षित नतिजा उपलब्धि

दश वर्षको योजनाका आधारमा पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

#### ख) प्रमुख अपेक्षित नतिजा

१. योजना कार्यान्वयन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने,
२. कार्यान्वयन योजना तयार भएको हुने,
३. अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङ्कन भएको हुने,
४. कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी भएको हुने,
५. समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने,

स्थानीय शिक्षा योजना कार्यान्वयनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | आवश्यक कानून निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ५ | कानून निर्देशिका मापदण्डको प्रबोधीकरण | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | सङ्ख्या | | १ | | | | १ | १ | |

# परिच्छेद ६ .लगानी र स्रोत व्यवस्थापन

## ६.१. परिचय

